संसद् जनताको न्यायको मन्दिर हो : प्रमुख सचेतक यादव पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ •अंक ३२७ • २०८१ साल बैशाख १३ गते विहीबार (25 April, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सर्वोच्चबाट कारण देखाउ आदेश

टुडे समाचारदाता

काठमाण्डु । सर्वोच्च अदालतले बुधबार गौर हत्याकाण्डविरुद्ध कारण देखाउ आदेश जारी गरेको छ।

न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले कारण देखाउ आदेश जारी गरेको छ।

गत वर्षको जेठ २१ गते त्रिभुवन साहले जिल्ला प्रहरी कार्यालय रौतहट र जिल्ला सरकारी वकिलको कार्यालय गौरसमेतलाई विपक्षी बनाएर रिट दायर गरेका थिए।

२०६४ साल चैत २७ गते भएको तत्कालीन माओवादी लडाकु र तत्कालीन मधेशी जनअधिकार फोरमबीच भएको भिडन्तमा माओवादी तर्फ २७ को ज्यान गएको थियो। साहले सो घटनामा संलग्न रहेकाहरुलाई पक्राउ गरी कारबाही नगरिएको भन्दै जिल्ला सरकारी वकिल र जिल्ला प्रहरी कार्यालय रौतहटविरुद्ध मुद्दा दर्ता गरेका थिए।

साहले सो हत्याकाण्डमा उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री समेत रहेका जसपा अध्यक्ष उपेन्द्र यादवसमेत दर्जनभन्दा बढी व्यक्ति संलग्न रहेको आरोप लगाइएको छ।

### जरलहवा टोल फेरि जल्यो

# आगलागीबाट सयौं घर खरानी, करोडौंको क्षति

टुडे समाचारदाता

जलेश्वर । महोत्तरी जिल्लाको मटिहानी नगरपालिका- ६ स्थित जरलहवा गाछी टोलमा बुधबार बिहानैदेखि लागेको भीषण आगलागीबाट सयौं घर खरानी भएको छ।

फरमुद शेखको घरबाट बिहान १० बजेतिर सल्केको आगो नियन्त्रणमा लिन झण्डै ७ घण्टा लागेको थियो । आगो सल्केको कारण खुल्न नसकेको वैमुल खातुनले बताएकी छन् ।

नगरप्रमुख हरिप्रसाद मण्डलले जनाए अनुसार आगलागीबाट १ सय १५ घर जलेको छ। 'आगलागीबाट भएको क्षति यकिन नभए पनि झण्डै ५ करोड रुपैयाँ भन्दा बढीको क्षति भएको छ' मेयर मण्डलले भने, क्षतिको विवरण संकलन र पीडितहरुलाई राहत वितरण सुरु गरिएको छ।

अग्नि पीडितहरुलाई तत्काल च्यूरा, चिनी, पानी, त्रिपाल, बाल्टीन लगायतका राहत सामग्रीहरु उपलब्ध गराइएको मेयर मण्डलले जनाए।

आगलागीबाट केही पशु समेत जलेका छन् । आगो लागेर फुस, खपडा, एलबेस्टर, जस्तापातालगायतका छाना भएको अधिकांश घरहरु जलेका छन् । पीडितहरु आगलागी भएको बस्ती भन्दा पर रहेको चौरमा बसेका छन् ।

आगलागी भएको जरलवहा टोल गुठी संस्थानको जग्गा रहेकाले ठूला पक्की घर नबने पनि भएको घरमा पर्याप्त सम्पत्ति रहेको बताइएको छ। सो टोलमा मुसलमान समुदायको बस्ती रहेको छ।

मटिहानीमा लागेको आगलागी नियन्त्रणमा लिनका लागि मटिहानी, जलेश्वर, रामगोपालपुरसहित





जनकपुरधामलगायतका वारुणयन्त्रहरु लागेका थिए। पानीटंकीहरु लिएर पनि आगो नियन्त्रणमा स्थानीयहरुसमेत जुटेका थिए।

आगो नियन्त्रण गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना लगायत नगरपालिका कर्मचारी, स्थानीय वासिन्दाहरु लागेका थिए।

स्थानीय जिल्ला सुरक्षा र प्रशासनिक प्रमुखहरु समेत आगलागी भइरहेकै बेला घटनास्थलमा पुगेका थिए । उनीहरुले आगो नियन्त्रण गर्न विभिन्न पालिकाहरुसित समन्वय गरी बारुणयन्त्र मगाउने लगायतका व्यवस्थापन गरेका थिए।

जरहलवा बस्तीमा रहेको फुसको घर, परालको टहरोमा आगलागी भएको छ भने हावाहुरी बतास चलेको कारण आगलागी नियन्त्रणमा लिन कठिन भएको नगरप्रमुख मण्डलले बताए।

आगो लागेको कारण धनुषा र महोत्तरीको टाढाटाढा सम्म तातो हावा चलेको थियो । दिनभरि नै शरीर पोल्ने हावा चलेको थियो।

यसैबीच सर्लाहीको बलरा नगरपालिकाको मिर्जापुरको बिहे घरमा आगलागी हुँदा ६ लाख रुपैयाँको क्षति भएको छ। आगो नियन्त्रण गर्ने क्रममा २ जना घाइते भएका छन्।

बलरा नगरपालिका-६, मिर्जापुरका रामचन्द्र महतोको खपडाले छाएको घरमा मंगलबार राति आगलागी हुँदा सो क्षति भएको छ । आगलागीबाट छोरीको विवाहका लागि राखिएको लत्ता कपडालगायत सामग्री जल्दा ६ लाख रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता दीपक श्रेष्ठले बताए।

बिजुलीको तार सर्ट भएर आगलागी भएको जनाइएको छ । घरमा आगो लागेपछि सामान निकाल्न खोज्दा घरधनी महतोसहित २ जना घाइते भएका छन् । घाइतेको दुवै हात र खुट्टा जलेको प्रहरीले जनाएको छ। अर्का स्थानीय २३ वर्षीय राज मंगलको दाहिने हात जलेको छ। उनीहरुको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको छ।

यसैबीच, मंगलबार राति जिल्लाको कविलासी नगरपालिका-२, पिपरियामा भएको आगलागीबाट स्थानीयको ८० हजार रुपैयाँ मूल्य बराबरको परालको कुन्यू नष्ट भएको छ । आगलागीबाट सोही स्थानका वारिस शेख, हृदय राय, बहादुर राय र विजिन्दर पासवानको कुन्यू जलेको छ। दुवै स्थानमा लागेको आगो स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र वारुणयन्त्रको सहायतामा निभाइएको थियो।

यसैबीच महोत्तरीका वनक्षेत्रमा फेरि डढेलोका घटना बढ्न थालेका छन् । गत चैत दोस्रो साताको वर्षाले वन डढेलो निभ्नुका साथै पातपतिंगर भिजेका कारण केही समयसम्म डढेलोका घटनामा कमी आए पनि चर्को गर्मी बढेसँगै फेरि डढेलोका घटना बढ्न थालेका छन्।

अहिले पूर्व-पश्चिम राजमार्गमा पर्ने जिल्लाको १८ किलोमिटर दूरीको दायाँबायाँ क्षेत्रमा जतातत्तै धुवाँको मुस्लो देखिन्छ । चैत दोस्रो साता अघिसम्म राजमार्गको दक्षिणतर्फ बढी देखिने डढेलो अहिले भने उत्तरतर्फको राष्ट्रिय वन क्षेत्रमा पनि फैलिएको स्थानीयले बताएका छन्।

बर्दिबास नगरपालिका-१० स्थित खयरमाराका प्रेमध्वज लामाले सर्लाहीसँग जोडिएको बाँके नदीवारीको राष्ट्रिय वनक्षेत्रमा पछिल्ला ३ दिनयता बढेको डढेलोले नजिकका बस्तीसमेत जोखिममा परेको बताए। पछिल्ला ३ दिनयता सागरनाथ वन विकास परियोजनाको बर्दिवास-८ हात्तिलेट प्लट र राष्ट्रिय वनक्षेत्रको बाँके जंगलमा डढेलो बढेको उनले जनाए।

'बस्ती नजिकैको वनमा डढेलो छ, जतिखेर पनि आगोको लप्काले भेटाउँछ कि भन्ने त्रास छ' उनले भने, त्यसैले केही दिनदेखि निदाउन पनि सकिएको छैन।

वन डढेलो बस्तीमा पस्नेमात्रै होइन नीलगाई, दुम्सी र हरिणसहितका वन्यजन्तु बस्तीमा पसेपछि दोहोरो त्रास बढेको बर्दिवास-१ की गृहिणी दीपा काफ्लेले बताइन।






# कतारका अमिर स्वदेश फिर्ता

काठमाण्डु । मित्रराष्ट्र कतारका अमिर शेख तमिम विन हमाद अल थानी नेपालको दुई दिने राजकीय भ्रमण सकाएर बुधबार स्वदेश फर्किनु भएको छ । उहाँलाई बिदाइ गर्न राष्ट्रपति रामचन्द्र पौडेल त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थल पुग्नुभएको थियो ।

सो अवसरमा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सभामुख देवराज घिमिरे, उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नरायणकाजी श्रेष्ठ, उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुविर महासेठ, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेत, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङ, मुख्यसचिव वैकुण्ठ अर्याललगायत उपस्थित हुनुहुन्थ्यो । कतारका अमिरको बिदाइका अवसरमा नेपाली सेनाको एक टुकडीले २१ तोपको सलामीसहित सम्मान गारत अर्पण गरेको थियो ।



राष्ट्रपति रामचन्द्र पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा उहाँ मङ्गलबार यहाँ आइपुग्नु भएको थियो । कतारका अमिरले सोही दिन साँझ राष्ट्रपति पौडेलसँग राष्ट्रपति कार्यालय शीतल निवासमा भेटवार्ता गर्नुभएको थियो । भेटवार्तापछि राष्ट्रपति पौडेलले उहाँको सम्मानमा सोही दिन साँझ राजकीय भोजको आयोजना गर्नुभएको थियो ।

बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र कतारका तर्फबाट अमिर तमिमसहितको प्रतिनिधिमण्डलबीच वार्ता भएको थियो। उक्त वार्ताका क्रममा दुईदेशबीच आपसी सहकार्यसम्बन्धी विभिन्न विषयमा समझदारी भएको छ।

नेपाल र कतारबीच सन् १९७७ जनवरी २१ मा कूटनीतिक सम्बन्ध स्थापना भएपछि कतारका अमिरको यो पहिलो नेपाल भ्रमण हो । नेपालले सन् २००० जुलाई ११ मा दोहामा राजदूतावास स्थापना गरेको थियो भने कतारले काठमाण्डुमा सन् २०११ अगष्टमा राजदुतावास स्थापना गरेको थियो ।

**कतारका अमिर अल थानी र प्रधानमन्त्री दाहालबीच भेटवार्ता सम्पन्न**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र कतारका अमिर शेख तमिम बिन हमाद अल थानीबीच बुधबार भेटवार्ता भएको छ । नेपाल भ्रमणमा रहनुभएका कतारका अमिर अल थानी र प्रधानमन्त्री दाहालबीच बुधबार सोल्टी होटलमा द्विपक्षीय भेटवार्ता भएको हो ।

भेटवार्ताका क्रममा नेपाल र कतारका प्रतिनिधिमण्डलबीच द्विपक्षीय हित, आपसी चासो, सम्बन्ध बिस्तार एवं साझा हितका विविध विषयमा छलफल भएको प्रधानमन्त्रीका परराष्ट्र मामिलासम्बन्धी सल्लाहकार रुपक सापकोटाले जानकारी दिनुभयो । द्विपक्षीय भेटवार्तामा नेपालकातर्फबाट उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुविर महासेठलगायतका मन्त्रीहरु हुनुहुन्थ्यो । भेटवार्तापछि दुई देशबीचका सञ्चार, खेलकूद, विज्ञान प्रविधि, उद्योग वाणिज्यलगायतका विषयमा पनि सम्झौता एवं समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

कतारका अमिर अल थानी राष्ट्रपति रामचन्द्र पौडेलको आमन्त्रणमा दुई दिने राजकीय भ्रमणका लागि मङ्गलबार यहाँ आउनुभएको हो ।

**नेपाल र कतारबीच विभिन्न आठ क्षेत्रमा सहकार्य गर्ने समझदारी**

नेपाल र कतारबीच कला संस्कृति, शिक्षा, सञ्चार, युवा तथा खेलकुद, कानुनी सहायता र उद्योग वाणिज्य क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी सम्झौता तथा समझदारी भएको छ । कतारका अमिर शेख तमिम विन हमाद अल थानीको नेपालको राजकीय भ्रमणका अवसरमा बुधबार ती समझदारी भएको परराष्ट्र मन्त्रालयका प्रवक्ता अमृतबहादुर राईले राससलाई जानकारी दिनुभयो ।

कतारका अमिर थानी र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'बीच बुधबार सोल्टी होटलमा भएको द्विपक्षीय भेटवार्तापछि उहाँहरुको उपस्थितिमा कला र संस्कृतिका क्षेत्रमा सहकार्य, नेपाल र कतारका सरकारी समाचार एजेन्सीबीच समाचार आदानप्रदान तथा शिक्षाका क्षेत्रमा सहयोग आदानप्रदानसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

यसैगरी युवा तथ खेलकुद, दुवै देशका महान्यायाधिवक्ता कार्यालयस्तरीय, कूटनीति, शिक्षा र तालिमसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । सरकार ीस्तरमा भएका समझदारी पत्रमा नेपालका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरीले हस्ताक्षर गर्नुभएको छ ।

यसैगरी निजी क्षेत्रका तर्फबाट नेपाल उद्योग वाणिज्य महासङ्घ र कतार चेम्बर अफ कमर्शका बीचमा पनि लगानी आदानप्रदानसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो समझदारीपत्रमा नेपालका तर्फबाट महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल र कतार चेम्बरकातर्फबाट शेख खालिफ विन जसिम अल थानीले हस्ताक्षर गर्नुभयो ।

**कतारी अमिरको सम्मानमा दिवाभोजको आयोजना**

नेपालको दुईदिने राजकीय भ्रमणमा रहनुभएका कतारका अमिर शेख तमिम बिन हमाद अल थानीको सम्मानमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले दिवाभोजको आयोजना गर्नुभएको छ ।

प्रधानमन्त्री दाहालले बुधबार बिहान द्वारिका होटलमा उहाँको सम्मानका दिवाभोजको आयोजना गर्नुभएको हो । सो अवसरमा प्रधानमन्त्री दाहालले कतारी अमिरलाई स्वागत गर्नुभएको थियो । दिवाभोजमा दुवै पक्षका विशिष्ट व्यक्तिको उपस्थिति थियो ।

उहाँहरुबीच बुधबार यसअघि होटल सोल्टीमा द्विपक्षीय प्रतिनिधिमण्डलस्तरीय वार्ता भएको थियो । वार्तामा विभिन्न छ विषयमा द्विपक्षीय सम्झौता र समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

कतारका अमिर अल थानी राष्ट्रपति रामचन्द्र पौडेलको निमन्त्रणामा वैशाख ११ गते अपराह्न यहाँ आइपुग्नुभएको हो । कतारी अमिरले मङ्गलबार नै राष्ट्रपति पौडेलसँग शीतल निवासमा भेटवार्ता गर्नुभएको थियो । राष्ट्रपति पौडेलले उहाँको सम्मानमा सोही साँझ राजकीय भोजको आयोजना गर्नुभएको थियो ।

मध्यपूर्व एसियाबाट नेपालमा पहिलो पटक यो उच्चस्तरको भ्रमण भएको हो । कतारी अमिर थानी बुधबार दिउँसो २ बजे काठमाण्डुबाट प्रस्थान गर्नुहुने तालिका छ । रासस

# देशलाई मेडिकल शिक्षाको 'हब'का रूपमा विकास गर्न सरकार क्रियाशील छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले स्वास्थ्य क्षेत्रमा नयाँनयाँ चुनौतीहरू देखापरिरहेकाले त्यसतर्फ सचेत रहनुपर्ने बताउनुभएको छ ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रथम दीक्षान्त समारोहलाई आज सम्बोधन गर्दै प्रधानमन्त्रीले स्वास्थ्य क्षेत्रमा देखापर्ने समस्या समाधान गर्न विशेष ध्यान पुऱ्याउनुपर्ने बताउनुभयो ।

"स्वास्थ्य क्षेत्रमा आउन सक्ने जस्तोसुकै चुनौतीको सामना र व्यवस्थापनका लागि प्रतिष्ठानले थप पूर्वाधारहरूको विकास गर्नुपर्छ," प्रधानमन्त्रीले भन्नुभयो, "अस्पतालको सेवालाई अझ गुणस्तरीय र प्रभावकारी बनाउन विशेष जोड दिइनेछ ।"

नेपालको अधिकांश भू-भाग ग्रामीण क्षेत्र रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले ग्रामीण क्षेत्रमा स्तरीय स्वास्थ्योपचारका लागि दक्ष तथा सामाजिक उत्तरदायित्वको भावनाबाट प्रेरित चिकित्सक उत्पादन गर्नुपर्नेमा जोड दिनुभएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

स्वास्थ्य सेवाको पहुँच ग्रामीणस्तरसम्म विस्तार गर्दै जानुपर्ने खाँचो औंल्याउँदै प्रधानमन्त्रीले सार्वजनिक स्वास्थ्य संस्थाहरू सबल र सुदृढ भएमात्र आम नेपालीले सर्वसुलभ स्वास्थोपचार सेवा प्राप्त गर्न सक्ने तथ्य कोभिड-१९ महामारीले स्पष्ट पारेको बताउनुभयो ।

सरकारले सबै सार्वजनिक अस्पतालको क्षमता विकासलाई उच्च प्राथमिकतामा राखेको




बताउँदै प्रधानमन्त्री दाहालले भन्नुभयो, "स्वास्थ्य सेवामा सबैको पहुँच, सेवाको गुणस्तरीयताका साथै समुदायमा मानव स्वास्थ्यलाई प्रभाव पार्ने सामाजिक, सांस्कृतिक, वातावरणीय कारकतत्त्व पहिचान सहितको विशिष्टिकृत स्वास्थ्य सेवा उपलब्ध गराउन प्रतिष्ठानले अझै पहलकदमी लिनुपर्छ ।"

प्रतिष्ठानले हाल स्थानीय सरकारसँगको सहकार्यमा स्वास्थ्य बीमा कार्यक्रम तथा समुदायमा आधारित सेवा प्रवाह गर्नु सबैको लागि अनुकरणीय कार्य भएको उहाँले उल्लेख गर्नुभयो । प्रधानमन्त्री प्रचण्डले देशभित्रका सबै चिकित्सा तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानको व्यवस्थापन, सञ्चालन र नियमनका लागि चिकित्सा शिक्षा र स्वास्थ्य सेवामा रहेको दोहोरोपन हटाउन र एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्न आवश्यक भएको बताउनुभयो ।

"सबै नागरिकलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सबै स्वास्थ्य संस्था, सामुदायिक अस्पताल एवं सहकारी अस्पतालको क्षमता विकासमा ध्यान दिनै पर्दछ," नेपाललाई मेडिकल शिक्षाको 'हब'का रूपमा विकास गर्नेतर्फ सरकारले आवश्यक तयारी गरिरहेको जानकारी दिँदै प्रधानमन्त्रीले भन्नुभयो । रासस

## चेम्बर सल्लाहकार परिषद् अध्यक्षमा श्रेष्ठ

काठमाण्डु । नेपाल चेम्बर अफ कमर्सको सल्लाहकार परिषद् अध्यक्षमा राजेशकाजी श्रेष्ठ मनोनीत हुनुभएको छ । चेम्बरका पूर्वअध्यक्ष श्रेष्ठलाई सल्लाहकार परिषद्को अध्यक्षमा मनोनयन गरेको हो ।

चेम्बरको संस्थागत विकास एवं व्यवसायीको क्षमता अभिवृद्धिका लागि सुझाव दिने परिषद् सदस्यमा पूर्वअध्यक्षहरू महेशकुमार अग्रवाल, सुरेन्द्रवीर मालाकार र सुरेशकुमार बस्नेतलाई मनोनयन गरिएको छ ।

परिषद्ले सरकार र निजी क्षेत्रबीचको समन्वय, अन्तराष्ट्रिय सम्बन्ध विस्तार, उद्यमी एवं व्यवसायीका हकहित संरक्षणका साथै निजी क्षेत्रको भूमिकालाई सशक्त तुल्याउन समन्वय गर्ने चेम्बरले मङ्गलबार जारी गरेको विज्ञप्तिमा जनाइएको छ । रासस

## 'प्रविधिको सही प्रयोग नहुँदा अपराध निम्त्याउँछ'

काठमाण्डु । शिक्षा क्याम्पसका सहप्रध्यापक वसन्तकुमार बरालले आफ्ना मामा बितेको खबर सामाजिक सञ्जालमा पोष्ट गर्नुभयो । आफन्त सहित उहाँका परिवार आर्यघाट जानुभयो । यही बीचका समयमा घरमा लाखौंको धनराशि चोरी भयो। केही वर्षअघिको यो घटनाको मूल दोषी उहाँ आफैंलाई ठान्नुहुन्छ । "यदि मैले सामाजिक सञ्जालमा घर बाहिर जाँदै गरेको सूचना नदिएको भए चोरी हुँदैन थियो", उहाँले भन्नुभयो, "हामीले प्रविधि चलाउन जानेनौं भने अपराध निम्त्याउँदोरहेछ ।"

एकता फाउन्डेसन नेपाल र चन्द्रागिरि नगरपालिकाद्वारासंयुक्तरुपमाआज आयोजित 'साइबर सुरक्षासम्बन्धी विद्यालयस्तरीय सचेतनामूलक कार्यक्रममा' सहप्राध्यापक बरालले सामाजिक सञ्जालको सही प्रयोग गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा वडाका एक सय ३० जना विद्यार्थी सहभागी थिए । नेपाल प्रहरी ,साइबर क्राइम ब्युरोका प्रहरी नायब उपरीक्षक दिपेश जोशीले 'साइबर सुरक्षासम्बन्धी' कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुत गर्दै उहाँले कतिपय घटना हुनुमा व्यक्ति आफैं नै दोषी भएका बताउनुभयो । "हामीले सामाजिक सञ्जाल माध्यमा व्यक्तिगत सूचना फेसबुकमा राख्दा पनि यस्ता अपराधिक क्रियाकलाप भएका छन्", उहाँले भन्नुभयो, "अर्को कुरा भौतिकरुपमा कहिल्यै नभेटेको व्यक्तिसँग कुराकानी गर्दा पनि यस्ता घटना घटेको पाइयो ।" उहाँले प्रविधिको विकास त भयो त्यसको सदुपयोग गर्ने ज्ञानको अभावमा अपराधिक गतिविधि मौलाएको बताउनुभयो ।

चन्द्रागीरि-१० का वडाध्यक्ष शिवकुमार महर्जनले सूचना प्रविधिले अवसरसँगै चुनौतीसमेत साथमा ल्याएको छ बताउनुभयो । "यो चुनौतीको सामना गर्न हामी सबै जागरुक हुनुपर्छ", उहाँले भन्नुभयो, "साइवबर अपराधबाट जोगाउन वडाभरि नै चेतनामूलक कार्यक्रम गर्दैआएका छौं ।"

एकता फाउन्डेसनका अध्यक्ष रामहरि शाहीले सूचना प्रविधिको बढ्दो विकाससँगै अपराध पनि बढिरहेको बताउनुभयो । सहभागी बालबालिकाले प्रविधिको दुरुपयोग हुन नदिन चेतना जरुरी रहेकामा जोड दिएका थिए । रासस

## सांसद गुरुङको निलम्बन फुकुवा

काठमाण्डु । सङ्घीय संसद् सचिवालयले प्रतिनिधिसभा सदस्य टेकबहादुर गुरुङको निलम्बनसम्बन्धी निर्णय फुकुवा गरेको छ । सङ्घीय संसद्का महासचिव पद्मप्रसाद पाण्डेयका अनुसार निलम्बनसम्बन्धी सर्वोच्च अदालतको उत्प्रेषणको आदेशद्वारा बदर गरिएसँगै सदस्य गुरुङको निलम्बन फुकुवा भएको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उहाँविरुद्ध भ्रष्टाचार निवारण ऐनबमोजिम विशेष अदालतमा मुद्दा दायर गरिएकोपछि निलम्बनमा पर्नुभएका सांसद गुरुङ सर्वोच्च अदालतको आदेशसँगै फुकुवा हुनुभएको हो ।रासस

## त्रिविका कानुनी सल्लाहकार खनाललाई कारबाही नगर्न आदेश

काठमाण्डु।सर्वोच्चअदालतले त्रिभुवन विश्वविद्यालयका प्रमुख कानुनी सल्लाहकार एवं अधिवक्ता नारायण खनाललाई तत्कालका लागि कुनै कारबाही नगर्न अल्पकालीन आदेश दिएको छ ।

न्यायाधीश तीलप्रसाद श्रेष्ठको एकल इजलासले आज त्रिविका कानुनी सल्लाहकार खनाललाई कुनै पनि कारबाही नगर्न सरकार एवं त्रिभुवन विश्वविद्यालयका नाममा अल्पकालीन अन्तरिम आदेश दिएको हो । शिक्षा मन्त्रालयले केही दिनअघि चिकित्सा शिक्षा जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्दै त्यसमा नाम जोडिएकालाई कारबाही गर्न निर्देशन दिएको थियो ।

त्रिविका कानुनी सल्लाहकार खनालले बिना प्रमाण र अनाहकमा आफूमाथि कारबाहीको सिफारिस गरेको उल्लेख गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो । उक्त निवेदनमाथिको सुनुवाइपछि अदालतले कारबाही नगर्न आदेश दिएको हो । रासस

# चिया निर्यातमा भारतीय अवरोध हट्यो

झापा । भारतीय भन्सारले पाँच दिनअघिदेखि रोकेको नेपाली तयारी चियाको निर्यात आज खुला गरेको छ । यही वैशाख ७ गते काँकडभिट्टा नाकाबाट चिया बोकेर गएका १७ ट्रक भारतीय सीमाभित्र सडकमै रोकिएका थिए ।

चिया बोकेका ती सबै ट्रक पश्चिम बङ्गालको पानीट्याङ्कीस्थित भारतीयस्थल भन्सार कार्यालयबाट जाँचपास भएर मङ्गलबार बेलुका सकुशल छुटेको मेची भन्सार कार्यालयका प्रमुख रामप्रसाद रेग्मीले बताउनुभयो ।

"रोकिएका सबै ट्रक आज छाडिए", उहाँले भन्नुभयो, "अब भारतीय भन्सारबाट चिया निर्यातमा कुनै अवरोध रहेन ।" पानीट्याङ्कीस्थित भारतीयस्थल भन्सार कार्यालयका अधिकारीहरुले केन्द्रबाटै आएको निर्देशनअनुसार रोकिएको जनाउँदै अहिले केन्द्रबाटै खुलाउन अर्को निर्देशन आएको बताएका छन् ।

पूर्वीनाका काँकडभिट्टाबाट जाँचपासपछि चिया बोकेर भारतीय सीमावर्ती पानीटङ्की नाका पुगेका १७ वटा नेपाली ट्रक रोक्दा भारतले पटके गुणस्तर परीक्षणको नयाँ प्रावधान लागू भएको जनाएको थियो । गाडी नै पिच्छे गुणस्तर जाँच गर्ने व्यवस्था अव्यवहारिक भन्दै नेपाली पक्षले पुरानै प्रावधानअनुरुप चियाको निर्यात गर्न दिन माग गर्दै आएको थियो ।

नेपाली पक्षले चिया निर्यातमा भारतीय अवरोध भएको विषयमा आपत्ति जनाउँदै भारतीय पक्षलाई पुरानै नियमअनुसार व्यापार सहजीकरण गर्न दबाब सिर्जना गरेको गरेको थियो । अन्ततः भारतीय पक्ष पहिलेकै गुणस्तर जाँचको नियमानुसार चियाको निर्यात खुलाउन सहमत भयो ।

चियाको एउटा नमूनाको गुणस्तर जाँचपास गराएको रिपोर्टले १५ दिनसम्म निर्यात गर्दा मान्यता पाउने पुरानो प्रचलन थियो । भारतीय भन्सारले पुरानै जाँच नियमानुसार नेपाली ट्रकहरुलाई आज छाडिदिएको हो । सिटीसी र अर्थोडक्स चिया भारत निर्यात हुँदै आएको छ । नेपाली चियाको ९० प्रतिशत निर्यात भारतमै हुने गरेको छ । रासस

## मोटरसाईकल हरायो

मेरो नाममा दर्ता रहेको प्र.०२-००५ प ५२४० नम्बरको रातो रंगको च्याचिस नम्बर MD634BE49M2K01522 ईञ्जिन नम्बर BE4KM2X01414 १६० सीसीको टीभीएस कम्पनीको अपाचे च्त्च्मोटरसाइकल मिति २०८१/०१/११ गते जि.महोत्तरी भँगहा नगरपालिका वडा नम्बर ८ परडीया टोलमा रहेको आफ्नै घर अगाडी पार्किंग गरिराखेको अवस्थामा अन्दाजी राती १ :०० बजेको समयमा हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको नम्बरमा खबर गरिदिनु हुन अनुरोध

**नामः मो.मकसुद आलम लहेरी**
**ठेगानाः जि.म.भँगहा नपा -८**
**मो. नं. ९८०८१३३४६६**
**९७०६८३९६७७**


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



अत्यधिक गर्मी बढेपछि **महोत्तरीको जलेश्वर नगरपालिका -८** स्थित गोतमान सागर (पोखरी) मा पौडी खेलेर गर्मी छल्दै बालबालिका। *तस्बिर : रासस*

## सन्तोषजनक छैन विश्वमा

# मानव अधिकारको अवस्था

**काठमाण्डु** । सन् २०२३ मा विश्व मानव अधिकारको अवस्थासम्बन्धी एम्नेस्टी इन्टरनेसनल नेपालले सार्वजनिक गरेको प्रतिवेदनले विश्वमा मानव अधिकारको अवस्था सन्तोषजनक नभएको देखाएको छ ।


एम्नेस्टी इन्टरनेसनल नेपालका अध्यक्ष विपिन बुढाथोकीले बुधबार सार्वजनिक मानव अधिकारसम्बन्धी वार्षिक प्रतिवेदनमा विश्वका विभिन्न ठाउँमा भइरहेका युद्ध, आर्टीफिसियल इन्टेलिजेन्स (एआई)को प्रयोग, दुर्व्यवहारजस्ता कारणले मानव अधिकारको अवस्था सन्तोषजनक नभएको उल्लेख भएको बताउनुभयो ।

“द्वन्द्वमा परेका नागरिकहरूले उच्चतम मूल्य चुकाइरहेकोमा शक्तिशाली सरकारहरूले मानवतालाई प्रभावकारी अन्तर्राष्ट्रिय कानुन बिनाको एउटा युगमा पुऱ्याइरहेका छन्”, प्रतिवेदनमा भनिएको छ, “द्रुतगतिमा विकास भइरहेको आर्टीफिसियल इन्टेलिजेन्सका कारण पनि समस्या भइरहेको छ ।”

प्रतिवेदनमा दुर्व्यवहारविरुद्ध उभिँदै र मानव अधिकार संरक्षण तथा साझा मानवताको सम्मानको माग गर्दै विश्वभरका मानिसहरू अभूतपूर्व सङ्ख्यामा परिचालित भएको अवस्था रहेको जनाइएको छ ।

विश्वका एक सय ५५ देशको मानव अधिकारको अवस्थाको मूल्याङ्कनसहितको वार्षिक प्रतिवेदनमा अन्तर ाष्ट्रिय कानुन कार्यान्वयन प्रभावकारी नहुँदा विश्वले एउटा डरलाग्दो परिणाम भोगिरहेको उल्लेख छ ।

आर्टीफिसियल इन्टेलिजेन्स (एआई) मा भइरहेको द्रुत प्रगतिसँगै कानुनको शासनको क्षयीकरणमा थप वृद्धि हुने सम्भावना रहेको र यदि एआईको विकासको तुलनामा नियमन पछाडि नै रहने क्रम जारी रहने हो भने यसले मानव अधिकारको उल्लङ्घनका घटना बढाउन जोखिम रहेको समेत औँल्याइएको छ ।





एम्नेस्टी इन्टरनेसनलका महासचिव आग्नेस कालामारका अनुसार गहिरिँदो विश्वव्यापी असमानता, सर्वोच्चताका लागि तल्लिन महाशक्तिहरू र बढ्दो जलवायु सङ्कटको बीचमा मानव अधिकारको दमन र अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन बढ्दो रहेको पाइएको छ ।

प्रतिवेदनमा सैनिक, राजनीतिक र व्यावसायिककर्ताले हतियारको रूपमा नियमित प्रयोग गरिरहेका नयाँ र परिचित प्रविधिको अनियन्त्रित प्रयोगले द्वन्द्वग्रस्त क्षेत्र र अन्यत्र अराजकता, विभेद र दण्डहीनता फैलाउनलाई बल प्रदान गरेको उल्लेख छ ।

प्रतिवेदन भनिएको छ, “बढ्दो गतिको अनिश्चितताले घेरिएको वर्तमान विश्वमा विकसित प्रविधि बिस्तार र प्रयोग अन्तर्राष्ट्रिय कानुन र मानव अधिकारको उल्लङ्घनलाई बढोत्तरी गर्ने माध्यम बनेको छ ।”

एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदनले राजनीतिक दलका नेता र संस्थाद्वारा मानव अधिकारका सिद्धान्तमाथि विश्वासघात गरेको कठोर मूल्याङ्कन प्रस्तुत गरेको छ । बढ्दो द्वन्द्वहरूको बीच धेरै शक्तिशाली राज्यको व्यवहारले बहुपक्षीयताको विश्वसनीयतालाई थप क्षति पुऱ्याएको र सन् १९४५मा पहिलो पटक स्थापना गरिएको विश्वव्यापी नियममा आधारित व्यवस्थालाई कमजोर बनाएको प्रतिवेदने देखाएको छ ।

गत अक्टोबर ७ मा हमास र अन्य सशस्त्र समूहहरूले गरेको भयानक हमलापछि मानव अधिकार उल्लङ्घनमा बढावा दिएको, अत्यावश्यक मानवीय सहायताको पहुँचमा रोक लगाइएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनमा गलत सूचना फैलाउन, समुदायहरूलाई एकअर्काको विरुद्धमा खडा गराउन र अल्पसङ्ख्यकमाथि आक्रमण गर्नका लागि राजनीतिक शक्तिको सहयोग र मतियारीका लागि नयाँ तथा विद्यमान प्रविधिलाई हतियार बनाइएको औँल्याइएको छ ।

“प्रविधिहरूको अनियन्त्रित विकासले निम्त्याउने जोखिम र यसबारे नियमन र सुरक्षणका सवालमा जुन ठाउँमा हुनुपर्ने हो, त्यसबीच ठूलो खाडल रहेको छ”, प्रतिवेदनमा भनिएको छ, “यो भविष्यको पूर्वानुमान हो, अनियन्त्रित प्रविधिको व्यापक बिस्तारलाई कम नगर्ने हो भने यो समस्या अझ खराब मात्रै हुनेछ ।”

एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले सन् २०२३ मा नेपालमा पनि मानव अधिकारको अवस्था सन्तोषजनक नभएको बताउनुभयो । प्रतिवेदनमा नेपालमा पहिलो पटक यौनिक तथा अल्पसङ्ख्यक जोडीलाई विवाह दर्ता गरिएको राम्रो पक्ष प्रतिवेदनमा छ ।

समग्रमा सन् २०२३ मा मानव अधिकारको अवस्था विश्लेषण गर्दा विभिन्न देशमा द्वन्द्वका कारण मानव अधिकारको उल्लङ्घन धेरै भएको र मानव अधिकार रक्षकलाई पनि संरक्षण गर्न कठिनाई भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । विश्वभरी नै आर्थिक सङ्कटका कारण शरणार्थी र आप्रवासीलाई थप समस्या परेको जनाइएको छ । रासस

# संसद् जनताको न्यायको मन्दिर हो : प्रमुख सचेतक यादव

**काठमाण्डु** । विसं २०७९ प्रतिनिधिसभा सदस्यको निर्वाचनपछि हालसम्म संसदका तीन वटा अधिवेशन पूरा भइसकेका छन् । तर यी अधिवेशनलाई कानून निर्माणका हिसाबले प्रभावकारी बनाउन सकिएको छैन । जनप्रतिनिधिका हिसाबले हामी (सांसद) ले व्यक्तिगतरुपमा जुन किसिमको भूमिका निर्वाह गर्नुपर्ने हो त्यो गरिरहेकै छौँ । तर, संसद ठूला राजनीतिक दलको अनियर्णयको बन्दी जस्तो भएको छ ।

संसदमा प्रतिनिधित्व गर्ने तीन ठूला राजनीतिक दलका शीर्षस्त नेताको कब्जाजस्तो छ । राष्ट्रिय राजनीतिक पार्टीले संसदमा आफूलाई प्रभावकारी भूमिकामा प्रस्तुत गर्न सकिरहेका छैनन् । हामी साना पार्टीले धेरै विषय चाहेर पनि गर्न सकिरहेका छैनौँ । सरकारले जुन ढङ्गले विधेयकहरु ल्याउनुपर्ने हो, त्यो आएको छैन र सदनमा आएका विधेयक पनि प्रभावकारीरुपमा अगाडि बढ्न सकिनरहेको यथार्थ हो ।

खासगरेर ठूला दलले संसदलाई बन्धक बनाएपछि संसदलाई खेलबाडका रुपमा हेरियो । संसदलाई मर्यादित रुपमा हेरिएन । तीन दलका तीन व्यक्ति बस्ने र आफ्ना निर्णय लाद्ने, साना दललाई बेवास्ता गर्ने प्रवृत्ति छ । त्यसले संसदीय अभ्यास पनि प्रभावकारी हुन सकेन ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको चरित्र अनुरुप संसदीय अभ्यास हुन नसक्नु बिडम्बना हो । यहासम्मकी म आफै जनता समाजवादी पार्टी (जसपा) नेपालको प्रमुख सचेतक छु । मलाई पनि कैयौँ पटक बैठकमा बोलाइएन । कुनै महत्वपूर्ण निर्णयबारे सोधिएन । पार्टीभित्र आन्तरिक लोकतन्त्र नभएका कारण संसदमा मैले डेढ वर्षदेखि बेहोर्दै आइरहेको छु सदन प्रभावकारी बनेको छैन ।

यसरी हेर्दा म आफै पछिल्लो संसदीय अभ्यास र सदनको भूमिकाप्रति सन्तुष्ट हुन सकेको छैन । संसदलाई राजनीतिक स्वार्थ र गुटबन्धीबाट टाढै राखेर जनताका सरोकारका विषयलाई सशक्त र प्रभावकारी ढंगले उठाउनुपर्नेमा त्यो हुन सकेको छैन ।

तीन ठूला दलले संसदलाई अनिर्णयको बन्दी जस्तो बनाएका छन् । आफूले चाहँदा सदन खुलाउने नचाहँदा बन्द गरिदिने अभ्यास छ । सदन पालैपालो अवरोध गर्ने । कहिले कुन दलले कहिले कुन दलले उनीहरुको राजनीतिक स्वार्थ अनुकल सदनलाई उपयोग गर्ने प्रवृत्तिले समग्रमा संसदको गतिविधि र संसदीय अभ्यासलाई नकारात्मक दिशातर्फ लगिरहेको छ ।

यसले जनताको चाहनामाथि कुठाराघात भएको छ । जनआकाङ्क्षालाई सम्बोधन गर्दै मुलुकको आर्थिक समृद्धिको यात्रामा जान अलमल र बेइमेल भएको छ । यसतर्फ सबै राजनीतिक दलहरु गम्भीर हुनुपर्ने अवस्था छ ।

प्रमुख राजनीतिक दलले संसदलाई ‘जब चाहिन्छ, खोल्ने तब चाहिँदैन बन्द गर्ने जे चाहन्छन् त्यो गर्ने’ प्रवृत्ति छ । हामीलाई कुनै भूमिका निर्बाह गर्न दिइएन । सदन अवरोध संस्कृतिजस्तै भयो । साना दल कुनामा परे । उनीहरुको कुरै सुनिएन । त्यसैले पहिले तीन राजनीतिक दलका नेताहरु उदार हुनुपर्यो । उहाँहरु जनताप्रति उत्तरदायी बन्नुपर्यो । साना राजनीतिक दलप्रति समान व्यवहार गरिनुपर्छ । किनभने देश र जनताको कसम खाएर आएका जनप्रतिनिधिभएकाले जनताको काम त गर्नैपर्‍यो । समयमा जनताको काम गर्न सकेनौ भने भोलि निर्वाचनका बेला जनतामाझ जाँदा कसरी मुख देखाउने, के सन्देश लिएर जाने त्यसबारे बेलैमा सजक हुन जरुरी छ ।

संसद जनताको न्यायको मन्दिर हो । जनताको न्यायको मन्दिर भएकाले यसलाई न्याय दिलाउनुपर्छ । बन्दक बनाइनु हुँदैन । संसदले जनतालाई न्याय दिनुपर्छ । संविधान अनुरुप कार्यकारी अधिकार सरकारको भएकाले जनप्रतिनिधिको थलो संसदलाई प्रभावकारी बनाउनुपर्छ । संसदलाई विजनेश दिएर जनतामा आशा जगाउन सक्नुपर्छ । सरकार र संसदले जनताको पक्षमा प्रभावकारी काम गरिरहेको छ भन्ने सन्देश जनतामा प्रवाह हुन जरुरी छ । अत्यावश्क विधेयक चाँडो पारित गराउने, नीतिगत र संरचनागत सुधारमा गम्भीर भएर लाग्नुपर्छ ।



सदनमा आगामी दिनमा हाम्रो भूमिकालाई थप प्रभावकारी बनाउछौँ । हामीले अहिले पनि जनताको विषय सदनमा उठाइरहेका छौँ । तर, जति प्रभावकारी रुपमा प्रस्तुत हुनुपर्ने थियो त्यो हुन सकेको छैन । तुलनात्मक रुपमा पछिल्लो पटक सदन केही गतिशील भएको देखिन्छ । तर, केही दलको अवरोधले फेरिपनिसदन गतिशील हुँदैनकी भन्ने आशङ्का छ ।

प्रमुख प्रतिपक्षी दलले निरन्तर संसद अवरोध गरिरहेको छ । सदनमा उठेका विषयलाई चाँडो सम्बोधन हुनुपर्छ । जनसरोकारका विषय सदनमा खुलेर राखौँ । विधेयकहरु छिटो अगाडि बढाउनुपर्छ । देशलाई विकासको गतिमा अगाडि बढाउन सबै जिम्मेवार बनौँ ।

जनता अहिले निरास छन् । जनतामा देखिएको निरासा निरुपण गर्न आशातित काम गर्न जरुरी छ । त्यसका लागि सरकारले नयाँ कार्ययोजना ल्याउनुपर्छ । जनताको जनजीविकाका सवाललाई यथोचित सम्बोधन गर्नुपर्छ । देशमा बेरोजगारी मुख्य समस्या हो । संसद् र सरकार एकअर्काका परिपुरक हुन् । संसद् अवरोध गरेर जनताको समस्या सम्बोधन हुँदैन । त्यसैले संसद्लाई चुस्त बनाइनुपर्छ । ऐन कानुन बनाएर कार्ययोजनाका साथ जनताको विषयलाई सम्बोधन गरिनुपर्छ । रासस

# ‘लू’बाट बच्न आग्रह

**काठमाण्डु** । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तातो हावा ‘लू’बाट बच्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

मन्त्रालयले तराईमा तातो हावासँगै ‘लू’ चलेकाले सबैलाई बच्न आग्रह गरेको हो । ‘लू’ले गर्दा मुटुको चाल तीव्र हुने, श्वासप्रश्वासमा समस्या हुने, रक्तचाप घट्ने, पसिना निस्कने, टाउको अत्यधिक दुख्ने, चक्कर लाग्ने, ज्वरो आउने जस्ता समस्या देखिने गर्दछ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख कन्सल्ट्यान्ट फिजिसियन डा विमल चालिसेले गर्मी बढेसँगै तराईमा तातो हावा चलेर ‘लू’ लाग्ने गरेको बताउनुभयो ।

उहाँले धेरै तातो हावाले मस्तिष्कमा असर गर्ने भएकाले तातो हावा चलेका बेला दिउँसो घर बाहिर ननिस्कन आग्रह गर्नुभयो ।

“धेरै तातो हावा चल्यो भने मस्तिष्कलाई असर गर्दछ, मानिसलाई बेचैन बनाउने गर्दछ”, उहाँले भन्नुभयो, “शरीरमा पानीको मात्रा कम हुँदा मिर्गौला र मुटमासमेत असर गर्दछ ।”

### बच्ने के गर्ने

लूबाट बच्न धेरै पानी पिउने, चिसो पानीले नुहाउने, बाहिर निस्कनै परे छाता ओढ्ने वा पातलो कपडाले टाउको छोप्ने, हल्का खालको शीतल हुने कपडा लगाउनु पर्दछ । घर बाहिरको काम बिहान वा बेलुका मात्र गर्ने, कागती पानी, नरिवल पानी तथा फलफूलको रस पिउने, फलफूल, काँक्रोजस्ता ताजा खानेकुरा खाने गर्नुपर्दछ ।

### गर्नु नहुने कार्य

दिउँसो सकभर घर बाहिर ननिस्कने, भान्सामा धेरै समय नबस्ने, बस्नै परेमा प्रशस्त्र मात्रामा पानी पिउने, धुम्रपान तथा मदिरा सेवन नगर्ने, क्याफिनले धेरै पिसाब आउने हुँदा चिया, कफी, सोडा जस्तो पेयपदार्थ नपिउन आग्रह गरिएको छ । रासस

# तराईका केही स्थानमा हुरीबतासको चेतावनी, बाँकी भागमा मौसम सफा रहने

काठमाण्डु । हाल देशमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव रहेको बताउँदै जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले अहिले पहाडी क्षेत्रमा आंशिक बदली रही बाँकी भूभागमा मौसम मुख्यतया सफा रहेको जनाएको छ ।

महाशाखाका अनुसार बुधबार दिउँसो कोशी, गण्डकी र कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागमा आंशिक बदली रही बाँकी भागमा मुख्यतया मौसम सफा रहने छ । कोशी, गण्डकी र कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा मेघगर्जन र चट्याङसहित छिटपुट वर्षाको सम्भावना छ । कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना छ । लुम्बिनी प्रदेशलगायत तराईका केही स्थानमा हुरीबतासको सम्भावना छ ।

त्यसैगरी, बुधबार राति कोशी, गण्डकी र कर्णाली प्रदेशका पहाडी भागमा आंशिक बदली रही बाँकी भागमा मुख्यतया मौसम सफा रहने छ । कोशी, गण्डकी र कर्णाली प्रदेशका पहाडी भागका एक-दुई स्थानमा मेघगर्जन चट्याङसहित छिटपुट वर्षाको सम्भावना छ ।

कोशी, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना छ । लुम्बिनी प्रदेशको तराईका केही स्थानमा हुरीबतासको सम्भावना छ बुधबार अपराह्न र राति कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी क्षेत्रका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित छिटपुट वर्षाको सम्भावना छ । कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना छ ।

लुम्बिनी प्रदेशलगायत तराईका केही स्थानमा हुरीबतासको सम्भावना रहेको जनाउँदै महाशाखाले त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने भएकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ । रासस


## श्री जनता राष्ट्रिय माध्यमिक विद्यालय धमौरा
## (सिभिल ई. डिप्लोमा (९-१२) प्राविधिक)
### बलवा न.पा.-१० महोत्तरी, मधेश प्रदेश (नेपाल)

### (वि.न. ४ दोस्रो पटक) र (वि.न. ३ तेस्रो पटक) खुल्ला विज्ञापन सम्बन्धी सूचना

यस विद्यालयका शिक्षक छनौट समितिको मिति २०८१/०१/०९ गतेको निणर्नयानुार यस विद्यालयमा रिक्त रहेको तपसिल बमोजिमका पदहरुमा करारमा नियूक्ति गर्नका लागि नियमानुसार खुल्ला प्रतियोगिता बाट छनौट गरिने हुदा दरखास्त आव्हान गरिएको व्योहोरा अनुरोध छ ।
**(विज्ञापन प्रकाशन मिति २०८१/०१/१० गते फारम भर्ने अन्तिम मिति २०८१/०१/२४ गते सम्म)**


**तपसिलः-**

| सि. न. | विज्ञापन न. | पद | पद संख्या | तह/श्रेणी | परीक्षाको किसिम | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०३-२०८०/०८१ | रसायन विज्ञान | १ (एक) | मा.शि. द्धितिय सरह | लिखित,अर्न्तवार्ता, प्रयोगात्मक | २५००।- |
| २. | ०४-२०८०/०८१ | शिक्षक(राहत) | १ (एक) | प्रा.शि.तृतिय सरह | लिखित,अर्न्तवार्ता, प्रयोगात्मक | १५००।- |

**(१) विज्ञापन न.-०३-२०८०/०८१ का लागि आवश्यक शर्तहरुः-** (**तेस्रो पटक विज्ञापन प्रकासन**)
(क) **शैक्षिक योग्यता** :- मान्यता प्राप्त शिक्षण संस्था बाट स्नातकोत्तर रसायन विज्ञान (MSC(MASTAR OF SCIENCE IN CHEMISTRY) उतिर्ण गरेको हुनुपर्ने छ ।
(ख) **उमेर** -२१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
(ग) **नागरिकता** - नेपाली
**(२) विज्ञापन न.-०४-२०८०/०८१ का लागि आवश्यक शर्तहरुः-** (**दोस्रो पटक विज्ञापन प्रकाशन**)
(क) **शैक्षिक योग्यताः**- मान्यता प्रप्त शिक्षण संस्था बाट प्रविणता प्रमाण पत्र (IED) उतिर्ण गरेको हुनुपर्ने छ ।
(ख) **उमेर** - १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
(ग) **नागरिकता** - नेपाली
(घ) अध्यापन अनुमति पत्र को प्रमाणित प्रतिलिपि ।
**(३) दरखास्त फारमसाथ संग्लन गर्नुपर्ने आवश्यक कागजातहरु):-**
(१) **विद्यालयले तोकेको दरखास्त फारमः**- १ एक थान
(२) **पासपोर्ट साइजको फोटोः**- २ दुई प्रति
(३) एस.एल.सि देखि चाहिने योग्यता सम्मको सम्पूर्ण प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि ।
(४) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
(५) आवेदन फारम दस्तुर रु. २००।- दुई सय मात्र ।
(६) परीक्षा दस्तुर रा.बा.बैंक जलेश्वरको च.हि.न. १२७०१०००००२४०००१ खातामा रकम तिरेको भाउचर सकल प्रति १ थान ।
(७) **नियूक्तिको किसिम** :- करारमा ।
(८) विदेशमा अध्यन गरेको भए नेपाल सरकार द्वारा मान्यता प्राप्त संस्था बाट समकक्षता को प्रमाण पत्रको प्रतिलिपि ।

**पूनश्च** :-
(क) म्याद नाघि आएको दरखास्त फाराम दर्ता गरिने छैन ।
(ख) दोब्बर दस्तुरको ब्यबस्था छैन ।
(ग) परीक्षा केन्द्र पछि तोकिनेछ ।
(घ) सम्पर्क मिति २०८१/०१/२६ गते र परीक्षा मिति सोहि दिन तोकिने छ ।
(ङ) आवश्यक देखिएमा शिक्षक छनौट समितिको निर्णय बमोजिम विज्ञापनको म्याद थपगर्न सकिनेछ ।
(च) परीक्षाको दिन प्रवेशपत्र अनिवार्य लिएर उपस्थित हुनुपर्नेछ ।
(छ) तलबभत्ता आफ्नो पदमा बहाल गरेको मितिदेखि नेपाल सरकारले तोकिदिए बमोजिम ।
(ज) विद्यालय खुलेको दिन फाराम बुझाउने समय विहान ७:३० बजेदेखि ११:३० बजे सम्म विद्यलयमा
(झ) माथिल्लो तहको योग्यता र कार्य अनुभवलाई विशष ग्राहिता दिइने छ ।
(ञ) आवश्यक परेमा सम्पूर्ण विज्ञापनको लिखित मौखिक वाहेक प्रयोगात्मक परीक्षा पनि लिन सकिने छ ।
(ट) प्रा.शि राहतको हकमा उच्च कक्षा सम्म अध्यापन गरेको अनुभवलाई ग्राहिता दिईने छ ।
**नोट**:- विज्ञापन सम्बन्धि जानकारीको लागि (प्र.अ.) मो. ९८१५८८६८१४ र वि. प्रशासन ९८१६८९४६१४ मा सम्पर्क गर्न सकिने छ ।

**प्रधानध्यापक**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सम्मानमा बिदा ठिक होइन

नेपालमा कतारका राजा अमिर शेख तमिम बिन हमाद अल थानी दुई दिने नेपाल भ्रमणमा छन्। मंगलबार नेपाल आइपुगेका राजा थानी बुधबार फर्किने कार्यक्रम छ। कतार नेपालीलाई रोजगारी दिने राष्ट्रहरु मध्येका एक हो। कतार धनी राष्ट्रहरुमध्ये १० स्थानमा नरहे पनि कतारीहरु समृद्ध छन्। त्यहाँ तेल, उद्योगलगायतको क्षेत्र अत्यन्त ठूलो आय श्रोत हो। कतारका राजा थानी नेपालको भ्रमणमा पहिलो पटक आएका हुन्। उनी बंगलादेशबाट नेपाल आइपुगेका छन्। नेपाल भ्रमणको क्रममा राजा थानी काठमाण्डु भन्दा बाहिर कतै जान पाएनन्। उनी आएको पहिलो दिन राष्ट्रपति रामचन्द्र पौडेलसितको भेटवार्ता र रात्रि भोजमा राजनीतिक दलका नेताहरुसितको भलाकुसारीमै बित्यो। दोस्रो दिन बिहानदेखि प्रधानमन्त्री पुष्पकमल दाहालसित भेटवार्ता र विभिन्न सम्झौताहरुमा हस्ताक्षर लगायतका कार्यक्रम हुनेछ। त्यसपछि उनी स्वदेश कतार फर्किने छन्। नेपालको प्राकृतिक सौन्दर्यलाई अवलोकन गराउन नसकिए पनि राजालाई त्यसबारे नेपालले जानकारी गराएको हुनुपर्छ। राजा थानीको स्वागत सत्कार गरी नेपालमा लगानी गर्न आग्रह गर्न पनि सरकार चुकेन। रोजगारी प्रदान गर्ने कतारले नेपालीहरुको श्रमको सम्मान र उचित पारिश्रमिक दिन विवाद गरेको छैन। नेपालीलाई रोजगारको अवसर प्रदान गर्ने कतार नेपालका असल मित्र हो। ठूलो संख्यामा नेपाली कामदार हरुलाई रोजगारी दिएको कतारले नेपालमा लगानी गर्न सक्ने क्षेत्रहरु पनि फराकिलो छ। तर त्यस सम्बन्धमा कुनै सम्झौता भने हुन सकेन। दुई देश बीचको सरकारी समाचार एजेन्सीहरु सम्बन्धी सम्झौता, महान्यायाधिवक्ताको कार्यालय र इन्स्टिच्युट अफ फरेन अफेयर्स, शिक्षा तथा संस्कृति सम्बन्धी एमओयूमा हस्ताक्षर भएको छ। राजा थानीको उपस्थितिमा भएको सो सम्झौताले दुबै देशबीच तालिम र सहयोग आदानप्रदान हुनेछ। कतारका राजाको आगमनमा नेपालमा मंगलबार सार्वजनिक बिदा दिएको थियो। उनलाई विमानस्थलमा नेपालका राष्ट्रपति पौडेलले स्वागत गरे। विमानस्थलमा राष्ट्रपतिले स्वागत गर्ने निर्णयलाई सकारात्मक मानिए पनि देशमा सार्वजनिक बिदा दिएर गरिएको सम्मानको आवश्यकता थिएन। नेपालमा राजालाई हटाएर गणतन्त्र स्थापना गर्ने नेताहरुले नै अर्को देशको राजाको सम्मानमा राष्ट्रिय बिदा दिएर सम्मान गर्नु उपयुक्त देखिएन। अन्य देशका राष्ट्रप्रमुखहरुको आगमनमा देशमा बिदा दिने कार्य गर्नु हुँदैन। बिदा दिएर गरिने सम्मानलाई धेरैले सकारात्मक रुपमा लिँदैनन्। यसमा नेपालीहरु पनि सहमत छैनन्। सम्बन्धलाई कुटनीतिक स्तरबाट सुदृढ बनाउने हो। देशमा सार्वजनिक बिदा दिएर सम्बन्ध बलियो बन्दैन। बिदा दिने सरकारको निर्णयलाई कुनै दृष्टिले उपयुक्त मान्न सकिदैन।

# गर्मीयाममा कस्तो पेयपदार्थ पिउने त ?



डा अरुणा उप्रेती

गर्मीयाम सुरु भएसँगै तीर्खा मेट्नका लागि विभिन्न चिसो पेय पदार्थ (कोल्डडिङ्क्स)को खपत बढ्ने गर्दछ। अहिले धेरै मानिसहरु स्वस्थकर तथा पोषिला स्थानीय पेय पदार्थको सट्टा बजारिया पेय पदार्थको स्वादमा लट्ठ पारिरहेका छन्। मानिसहरुले दूध, दहीजस्ता पोषिला पेय पदार्थ बेचेर विभिन्न ब्राण्डका पेयपदार्थ सेवन गरिरहेको देखिन्छ। चिसो पेय पदार्थहरु अहिले गाउँघरमा छ्यापछ्याप्ती छन्। यस्ता वस्तुहरु अहिले शान, मान र सगुन सामग्री नै बनिसकेको देखिन्छ। यी पेय पदार्थहरुले मोही, सर्वतजस्ता नेपाली शैलीका कैयौँ पेय पदार्थलाई विस्थापन गर्दै लगिरहेका पनि छन्।

अति गुलिया र रसायन मिसिएका यी पदार्थका कारण भविष्यमा उपभोक्ताहरुको दाँत, पेट, हाडजोर्नीलगायत शरीरका अन्य अङ्गहरुमा रोगहरुले घर बनाउँछ। यी पेयहरुले मोटोपनको समस्या निम्त्याउँछ। जतिजति यी पेयहरुको उपभोग बढ्दै जान्छ, त्यति नै तिनीहरुको सेवनबाट हुने स्वास्थ्य समस्याहरु पनि थपिदै गएको छ तर उपभोक्ताहरु के कारणले आफूलाई स्वास्थ्य समस्या भइरहेको छ भन्ने कुरा खुट्याउन सकिरहेका हुँदैनन्।

रेडियो, टेलिभिजन र ठाउँठाउँमा राखिएका विज्ञापन बोर्डहरुमा गरिएका भ्रम पार्ने विज्ञापनहरुका कारण उनीहरु त्यस्ता पेयले आफूलाई राम्रै गरिरहेको होला भन्ने विश्वास हुन्छन्। यसरी पिउँदापिउँदै कतिपयलाई त नसालु पदार्थ जस्तै लत नै लागिसकेको हुन्छ। प्रसिद्ध खेलाडीले आफ्नो सफलतापछि विभिन्न ब्राण्डका पेय पदार्थ घ्वाटघ्वाट पिएर आनन्द लिएको देखाउने टेलिभिजनको आकर्षक विज्ञापनले युवायुवतीलाई हरेक खुसीमा यसै गर्न प्रेरित गरिरहेको हुन्छ। अर्द्धनग्न नर्तकीले डान्सवार वा डिस्को थेकमा पसिना पुछ्दै बोतलबाट हल्का पेय पिइरहेको देखेपछि यो पिउनै पर्ने पेय पदार्थ रहेछ भन्ने युवा मस्तिष्कमा छाप बस्छ। वास्तवमा उपभोक्तालाई आकर्षित गर्ने यस्ता चिसो पेयको विज्ञापनले धेरैलाई झुक्याइरहेको छ।

बजारमा जताततै पाइने चिसो पेय अहिले नेपालका त्यस्ता दुर्गम स्थानहरुमा पनि पुगेका छन्, जहाँ दूधका पाकेट र औषधिहरु पनि पुग्न सकेका छैनन्। यी वस्तुहरुको तडकभडकयुक्त प्रचारप्रसार र पहुँचका कारण दुर्गम ग्रामीण क्षेत्रका मानिसले पनि अहिले यी वस्तुहरुलाई फेसन र आधुनिकताको प्रतीकका रुपमा स्वीकार गरिरहेका छन्। अधिकांश उपभोक्तालाई ती चिसो झोलमा भएका तत्वहरु र तिनीहरुले शरीरलाई पार्ने हानी वारे कुनै जानकारी नै भएको हुँदैन। वास्तवमा यी पेय पदार्थहरु रङ्ग, बास्ना, गुलियो अमिलो स्वाद घोलेर फिँज उठ्ने बनाई आकर्षक बोतलमा बन्द गरिएका चिसो पेय हुन्, जुन धेरै महङ्गा र हानीकारक हुन्छन्।

यस्ता चिसो पेयमा चिनीको मात्र अति नै बढी हुन्छ। भविष्यमा विभिन्न स्वास्थ्य समस्याका कारण पनि बन्न सक्छन्। ती तत्वहरुले मानिसको हाड कमजोर हुने, शरीर मोटो पार्ने, दाँत खियाउने, र क्यान्सरजस्ता रोगहरु लगाउन सक्छन्। अमेरिकन डायविटिक एसोसिएसन र अमेरिकन हार्ट एसोसिएसनले चिनी भएको सोडाको हाल भइरहेको उपभोग घटाउन आग्रह गरेका छन्। अमेरिकन डायबिटिज एसोसिएसनले डायबिटिजको सन्दर्भमा सबैभन्दा महत्वपूर्ण कुरा खाना नै हो। साथै, शरीरको तौल बढाउन र रगतमा ग्लुकोजको मात्रा बढाउनका लागि पेय पदार्थको भूमिका उत्तिकै हुन्छ। सो एसोसिएसनले यदि डायविटिज भइसकेको छ वा हुने जोखिम छ भने पिउनका लागि पानी, बिनाचिनीको चिया, कफी वा अरु कुनै कम क्यालोरी भएको पेय पदार्थ वा कागती पानी मात्र पिउन सुझाव दिएको छ।

### कोल्डड्रिङ्क्समा हुने हानीकारक तत्वहरु

चिसो पेय पदार्थहरुमा स्वास्थ्यलाई हानि गर्ने विभिन्न तत्वहरु पाइएका छन्। यी पेयहरुमा एकक्षणका लागि मात्र स्फूर्ति दिने र लत बसाउने तत्वहरु पनि हुन्छन्। ती तत्वहरुले हाम्रो स्वास्थ्यमा दीर्घकालीन रुपमा विभिन्न असरहरु पार्छन्। केटाकेटीहरुलाई यस्तो पेय पदार्थ दिँदा यी झोलहरुमा हुने चिनीले मोटो बनाउँछ। चिसो झोलमा फोस्फोरिक अम्ल धेरै मात्रामा हुन्छ र यस अम्लले केटाकेटीको हाडलाई कमजोर पार्छ।



चिसो पेय पदार्थमा पाइने क्याफिन केन्द्रीय स्नायु प्रणालीलाई उत्तेजित गराउने र लत लगाउने तत्व हो। यसले कृत्रिम रुपमा शरीरलाई उत्तेजित गराउँछ र हृदयगती बढाउँछ। यस्तो उत्तेजित अवस्थामा स्मरण शक्ति बढेको, स्फूर्ति बढेको, र थकाई मेटिएको अनुभव हुन्छ। तर यस्तो अवस्था क्षणिक हुन्छ। यतिमात्र होइन, चिसो पेय पदार्थमा हुने क्याफिन र चिनी दुवैले क्याल्सियम नष्ट गर्ने र हाड खियाउने गर्दछन्।

चिसो पेयहरुलाई ताजा राख्न र स्वादिलो बनाउन साइटिक एसिड, फोस्फरिक एसिड र कहिलेकाहीँ म्यालिक र टारटारिक अम्लहरु राख्ने गरिन्छ। यी अम्लहरुले झोललाई सड्नबाट रोक्दछन् र मिठासलाई सन्तुलनमा राख्ने मद्दत गर्छ। अम्लहरुको कारणले नै चिसो पेय पिउँदा तिर्खा मेटिएको महशुस हुन्छ। चिसो पेय पिउँदा माथि तैरिएका फोका तथा फिँजले नै आनन्द दिन्छ। यी फोका र फिँज फोस्फोरिक अम्ल र कार्वन डाइअक्साइडबीचको प्रतिक्रिया भएर बन्दछन्। यी तत्वहरुका कारणले पेट पोल्ने र घाउ हुने गर्दछ। फोस्फोरिक अम्ललाई क्रोम धातुको खिया र मोटरको ब्याट्री सफा गर्न प्रयोग गरिन्छ। यो कुराले नै यो अम्ल निकै पोल्ने खालको छ भन्ने स्पष्ट गर्दछ। धातुको खिया पखाल्ने अम्लले हाम्रो शरीरको मासुलाई सजिलै पोल्न सक्दछ।

### कोल्डड्रिङ्क्सको सट्टा कागती पानी

गर्मीयाममा तीर्खा मेट्नका लागि बजारिया चिसो पेय पदार्थ नै सेवन गर्नुपर्छ भन्ने छैन, वर्षैभरि पाइने कागती गर्मीमा वा जाडो जुनसुकै बेलामा, तातो वा चिसो जे पदार्थमा मिलाएर खान सकिन्छ। स्वाद र स्वास्थ दृष्टिकोणले पनि यो अति राम्रो तत्व हो। म व्यक्तिगत रुपमा कागतीलाई 'औषधिको डल्लो' भन्छु। बिहान उठ्नेबित्तिकै चिनी नहालेको कागती चिया खान्छु। दालमा मिलाएर खान्छु। यसैले मैले कहिले पनि भिटामिन 'सी' को गोली त खानै परेको छैन। कागतीमा पाइने एउटा महत्वपूर्ण तत्व हो भिटामिन 'सी'। भिटामिन 'सी'को महत्वको बारेमा अहिले त धेरै जनाले थाहा पाइसकेका छन्। विज्ञानले पुष्टि गरेको छ कि भिटामिन 'सी'ले रोगसँग लड्नसक्ने प्रतिरोधात्मक शक्ति प्रदान गर्छ।

हाम्रो भान्छामा खाइने अचार पनि भिटामीन 'सी'ले युक्त हुन्छ। गर्मी शुरु हुने बेलामा अक्षय तृतीयामा साँझै कागतीको सर्वत र जौको सातु खान दिने हाम्रा पुर्खाहरुले चलाएका चलन पनि कागतीको महत्व बुझेर नै होला। गर्मीको बेलामा कागतीसँग सातु पिउँदा पेट भरिन्छ र गर्मीको बेलामा हुने विभिन्न पेटको गडबडीबाट बच्न सकिन्छ। गर्मीमा शरीरलाई चाहिने ऊर्जा पनि पर्याप्त हुन्छ। सातु र कागती सर्वत पिउने प्रचलन हराउँदै गएर आजकाल त अक्षय तृतीयको दिनदेखि जन्म दिनमा पनि प्याकेटका फलफूलको महँगो तर स्वास्थ्यलाई हानी गर्ने फलफूलको नक्कली रस, चिसो पेय पदार्थहरु खाइन्छ। यसले नेपाली संस्कृतिलाई नष्ट गर्छ, स्वास्थ नष्ट गर्छ, पैसा नष्ट गर्छ। यस्तो चलन कम गर्न नक्कली रसको सट्टा कागतीको रस प्रयोग गर्न सकिन्छ।

कति स्वास्थको बारेमा जाने बुझेका व्यक्तिले नै बट्टाको जुस खान्छन्, कागती बर्सत पिउँदैनन्। नेपालको प्रायः सबै ठाँउमा कागती फल्छ। विभिन्न प्रकारको कागतीको स्वाद भिन्दै भए पनि पौष्टिकता भने सबैमा हुन्छ। कागतीको महत्व कति छ भन्ने कुरा आयुर्वेद कितावमा लेखिएको छ, 'कागती र अदुवा दिनदिनै खाने व्यक्तिको घरमा रोगले प्रवेश पाउँदैन'।

नेपालमा महिलाहरूलाई रगतको कमी भयो भनेर अनेक औषधि दिइन्छ। तर कागतीमा रहेको भिटामिन 'सी'ले भोजनमा रहेको लौह तत्वलाई शोषण गर्नमा मद्धत गर्छ भन्ने कुरा प्रचार भएको छैन। कतिपय स्वास्थ्यकर्मीहरुले रक्तअल्पता भएका महिलालाई भिटामिन 'सी'को चक्की दिन्छन् र खानासँग खानु भन्छन्। सायदै कुनै स्वास्थकर्मीले कागतीको रस भोजनसँग मिसाएर खानु भन्ने गर्छन्। 'कागतीको रस मिसाएर' भोजन खाउभन्दा औषधि कम्पनीहरुको फाइदा हुँदैन र त्यसैले यस्तो जानकारीलाई बढावा दिने चलन छैन। तर मासको वा कुनै दालसँग कागतीको रस वा गोलभेडाको अचार खाँदा दालमा रहेको लौहतत्व राम्रोसँग सोसिन्छ। फलामको भाँडोमा पकाएको कुनै पनि दाल, तरकारीमा कागतीको रस मिसाएर खाँदा गर्भवती महिलालाई रगतको कमीबाट रोक्न प्रोटिन प्राप्त हुन्छ।

साइट्रिक एसिड विभिन्न फलफूलमा पाइन्छ भन्ने जानकारी वैज्ञानिकहरुले १७ औं शताब्दीमा पत्ता लगाएका हुन्। शरीरको अतिरिक्त क्रियाकलापहरुलाई सञ्चालन गर्न यो एसिडको महत्व छ र कागतीमा यो सहजै पाइन्छ। आजकल कागतीको रस हालेर चिया, सर्वत खान वा पाहुनालाई सत्कार गर्ने चलन बढेको छ। गर्मीको बेलामा पनि स्वास्थ्यकर कागतीको सर्बत हामी दिन हिच्किचाउनु पर्दैन। बालबालिकालाई पनि बट्टाको 'जुस' होइन कागतीको सर्बत दिनुपर्छ।

यति मात्र होइन, कागतीको रसको प्रयोगले दाँतको गिजाबाट रगत बग्ने समस्यालाई कम गर्न पनि मद्दत गर्छ। त्यसैले गर्भवतीलाई कागती खाने सल्लाह दिने चलन गाउँघरमा अझै पनि छ। रुघाखोकी लाग्दा कागती पानी र मह खानुपर्छ भनेर धेरैले थाहा पाएका छन्। कागतीलाई दैनिक भोजनको नै प्रयोग गरियो भने रोग प्रतिरोधात्मक शक्ति बलियो हुन्छ र हरेक चोटी मौसम बदलिदा रुघाखोकी लाग्न कम हुन्छ भन्ने पनि थाहा पाउनु पर्छ। गाउँघरमा गर्भवती महिलालाई वाकवाक लाग्दा कागती र नून खानु भनेर सल्लाह दिइन्छ र यसले वास्तवमा नै वाकवाक कम गर्छ।

कागतीको प्रयोगले कब्जियतबाट पनि बचाउँछ। जाडोको बेलामा कागतीको रस मनतातो पानीमा हालेर खान दिने चलन पुर्खाहरुले थालनी पहिलादेखि नै ल्याएका हुन्। मुख गन्हाउने व्यक्तिको यदि दन्तसम्बन्धी अन्य रोग छैनन् भने कागतीको रस र तातो पानीले फाइदा गर्छ। कागती पानीको कुल्लापछि पुनः पानीले एकचोटी कुल्ला गर्नुपर्छ, ताकी कागतीको अमिलोले दाँतमा असर नपरोस्। नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानबाट गरिएको अनुसन्धानमा 'कागतीको रसले हैजाको किटाणु वृद्धि हुन रोक्छ' भनेर पुष्टि भएको छ तर यो अनुसन्धानको व्यावहारिक प्रयोग हुन सकेको छैन।

कागतीको रसको मात्र नभएर बोक्राको उपयोगिताबारे पनि कमैलाई मात्र थाहा हुनसक्छ। केही अनुसन्धानले कागतीको बोक्राको नियमित प्रयोगले कब्जियतको समस्या समाधान गर्छ भनेर देखाएको छ। कागती धोएर काटेर रस निकालेपछि बोक्रालाई सानोसानो टुत्रा पारेर सलादमा हालेर खान सकिन्छ। यदि तीतो स्वाद मन पर्दैन भने कागतीको बोक्रालाई राखेर सिसीमा नून हालेर केही दिन घाममा राखेपछि त्यो बोक्रा अचारमा बदलिन्छ।

कागतीसँगै गर्मीमा प्रयोग गर्नुपर्ने बाबरी वा पुदिना पनि हो। बाबरी (मधेसतिर पुदिना पनि भन्छन्) को अचार बनाएर खाने चलन त पहिलेदेखि नै हो। गर्मीको बेलामा त यो पानीमा हालेर खाए हुन्छ। जुन तरिकाले खाए पनि स्वास्थ्य र स्वस्थ दुवै दिन्छ। वीरेनून र कागती हाली पिसेर बनाइएका पुदिनाले खाना रुचाउनुका साथै पाचन प्रक्रियामा पनि सहयोग गर्दछ। पानीमा बाबरी र कागतीको टुक्रा भिजाएर राख्ने र त्यो पानी पिउनाले धेरै नै लाभ पुग्दछ। (लेखक जनस्वास्थ्यविद् हुनुहुन्छ) रासस

# पृथ्वी बचाऔं ! जीवन जोगाऔं !



पुरुषोत्तम पोखरेल

पृथ्वी सौर्यमण्डलको तेस्रो ग्रह हो। यसग्रहमा पानी र अक्सिजन पाइने हुँदा जीवनको आश्रयस्थल मानिन्छ। जहाँ पानी छ, त्यहाँ वनस्पति र जीवहरू पाउँछौं। यस हिसाबले मनुष्य जाति र प्रकृतिबीच नङ र मासुको सम्वनध अनादिकालदेखि रहिआएका छन्। अर्को हिसाबले भन्नुपर्दा प्रकृति र मानवबीच अक्सिजन र कार्बन डाई अक्साइडबीच लेनदेनको निरन्तर चलिरहने प्रक्रियाको रुपमा बुझ्न पनि सकिन्छ। जुन जीवन र जगतबीच आक्षुण रही आएका छन् र यो एक अर्काको अस्तित्वमा टिकेको हुनाले प्रकृति विना जीवनको कल्पनासम्म गर्न सकिन्न।

हिन्दू धर्ममा पृथ्वीलाई आमा या देवीको रुपमा मानिन्छ र त वन जंगल नदीनाला पहाड गुफा चुचुरा आदिको पूजा अर्चाना गर्ने चलन परम्परादेखि चल्दै आएका छन्। हिमाल-पहाडका आसपासका वन जंगल आश्रित परिवारहरू हरेक शुभकार्यमा तथा अप्ठ्यारो परिस्थितिमा आफ्ना जीवनदायनी प्रकृतिको पूजा गर्ने र वनदेवी देउताहरूलाई भाग छुट्याउने चलन रही आएका छन्।

पृथ्वी हाम्री आमा हुन् र प्रत्येक जीवहरूलाई आ-आफ्नो ढंगले बाँच्न पाउने, सुरक्षित रहने र एक-अर्काको सह-अस्तित्वलाई स्वीकार गर्न पर्याप्त आधारहरू उपलब्ध गराएकी छिन्। गीतामा पनि कण-कणमा ईश्वरको बास भनिएको छ। अर्थात् सम्पूर्ण जीवजन्तु र रुख-बिरुवा पहाड नदीनाला सबै एउटा विशाल परिबारको रुपमा बताइएको छ।

हरेक जीवजन्तु वनस्पति आदिलाई उत्तिकै आदरभाव र सम्मानको नजरले हेर्ने परम्पराको पछाडि 'बाँच र बाँच्न देऊको सिद्धान्त' आफैँमा दूरदर्शी छन्। हाम्रो पूर्वीय धर्म र दर्शनादिमा पृथ्वी जल वायु आकाश र सूर्यको महिमा र गुणगान हजारौं वर्षदेखिको परम्पराभित्रको वैज्ञानिकतालाई हामीले कम आँक्न मिल्दैन।

इतिहास : पृथ्वी दिवसको अवधारणा सर्वप्रथम सन् १९६९ मा क्यालिफोर्नियास्थित तेल चुहिने घटनाको कारण अमेरिकी सिनेटर एवं वातावरणविद् गेलार्ड नेल्सनको थियो। त्यसै वर्ष सान् फ्रान्सिस्कोमा आयोजना भएको युनेस्को सम्मेलनमा पृथ्वी दिवस २२ अप्रिलदेखि मनाउने तिथि तय गरिएको थियो। यसरी २२ अप्रिल १९७० मा पहिलो पृथ्वी दिवस मनाएदेखि पृथ्वी बचाउँ अभियान निरन्तर अघि बढिरहेको छ।

सन् १९९२ मा ब्राजिलको रेयो दि जेनेरियोमा सम्पन्न पृथ्वी सम्मेलनले पृथ्वी दिवसको महत्वलाई अझै बढाएको छ। त्यसपछि सन् २००९ मा राष्ट्र संघको ६३ औं महासभाले २२ अप्रिलमा मनाउने निर्णय गरेपश्चात् पृथ्वी दिवस अन्तराष्ट्रिय रुपमै मनाउन थालिएको इतिहास पाइन्छ।

नेपालमा पनि सरकारी र गैरसरकारी संघ संस्थाहरूले पृथ्वी दिवसका दिन स्कुल-कलेजका विद्यार्थीहरूले सडकमा प्लेकार्ड ब्यानरका साथ प्रभातफेरी निकालेर जागरुकता बढाउने र तत्तसम्बन्धी विज्ञहरूद्वारा सेमिनार गोष्ठी आदि गरेर पृथ्वी दिवसको जामा पहियाइन्छ। तर, वातावरणमा पुगेको असरप्रति राज्य गम्भीर नदेखिने र सो सम्बन्धित नीतिहरू पनि कार्यान्वयनमा आउन नसक्नु अत्यन्तै दुःखद पक्ष हुन्।

उद्देश्यः पृथ्वी जस्तो बासस्थानमा जैविक समुदायहरूको पुनरावृत्ति, मानव जातिको हित, बोटबिरुवा एवं जीवजन्तुहरूको संरक्षण उब्जाउ माटो शुद्ध पानी र स्वच्छ हावा जस्ता वातावरणीय पद्धतिसहित जैविक क्षेत्रलाई सन्तुलित राख्ने काममा निर्भर गर्दछ। आज पृथ्वीको स्थायित्व, विविधता र सौन्दर्यताको रक्षा गर्नु पवित्र उद्देश्य हो। यसका लागि समय-समयमा सेमिनार गोष्ठीको आयोजनामार्फत सर्वसाधारणमा वातावरणप्रति जागरुक गराएर पृथ्वीलाई प्रदूषण मुक्त बनाउन सदा प्रोत्साहित गराउनु हो।

महत्व : पृथ्वी हाम्रो अन्नदाता तथा जीवनदाता जस्तो पवित्रभूमिको महत्वलाई बुझेर हामी सबैले पृथ्वीलाई सफा र सुन्दर राख्न र अन्य जीव वनस्पतिको सुरक्षामा सबैले समानरूपले बाँच्न पाउन पृथ्वीलाई पुनः पुरानै अवस्थामा फर्काउने हिसाबले प्रत्येक वर्ष २२ अप्रिललाई पृथ्वी दिवसको रुपमा मनाउँदै आइरहेका छौं।




समस्याहरू : तीव्र गतिमा बढ्दो औद्योगिकरण, शहरीकरण, आधुनिकरण, जनसंख्या वृद्धि, गरिबी र अशिक्षाका कारण पृथ्वीमा अत्यधिक मात्रामा प्रदूषण बढ्दै गएको छ। पृथ्वीमा थुप्रिदै गरेको फोहोरका कारण विषाक्त वातावरण वायु पदूषण, जलप्रदूषरण, ग्लोबल वार्मिंग र त्यस्ता वातावरणीय विषयहरूका कारण पृथ्वीमा स्वस्थ्य जीवनको अस्तित्वका लागि वर्तमान परिस्थितिहरू ज्यादै चुनौतीपूर्ण बन्दै गएका छन्।

त्यसबाट उत्पन्न परिस्थितिले जल स्थल वायु अन्तरिक्षसम्मकै वातावरणमा असन्तुलनले गर्दा मौसम परिवर्तनमा असर पुर्याएको छ भने तापक्रममा वृद्धि अनावृष्टि अतिवृष्टि भूस्खलन बाढी सुख्खा भूकम्प सुनामी चट्याङ्ग हावाहुरी आदिको प्रकोपले वर्षिनी करोडौंको धनमालको नोक्सानी बेहोर्दै आइरहेको यथास्थितिबाट हामी सबै अवगत छौं। यस्तो परिस्थिति सिर्जना हुनुमा मुख्यतः हामी आफैँ र त्यसपछि राज्यको पंगु नीतिहरू पनि उत्तिकै दोषी रहेका छन्।

समाधानको उपाय : पृथ्वीको बढ्दो तापक्रमले एउटा भयानक स्थिति उत्पन्न हुने सम्भावना हामीले ख्याल ठट्टाको विषय बनाइनु हुन्न। पृथ्वीमा प्रदूषण फैलाउनुको अर्थ हो, वायुमण्डल र जलमण्डलबीचको सन्तुलन बिग्रनु हो। यस समस्याको न्यूनीकरणका लागि हामी सबैले सक्दो रुपमा पदूषण फैलिनबाट रोकौं, रुख बिरुवा रोपौं। वन जंगल विनास हुनबाट जोगाऔं किनकि पर्यावरण सन्तुलन कायम गर्न रुख बिरुवाको भूमिका महत्वपूर्ण मानिन्छन्।

तसर्थ, पृथ्वीमा जम्मा भएका फोहोरलाई मोहोरमा बदल्न आवश्यक प्रविधिहरू अपनाउने। यसै किसिमले २० माइक्रोन भन्दा कम पोलिथिन झोला र पराग गुट्का जस्ता वस्तुमाथि कडाइका प्रतिबन्ध गर्ने, सुख्खा तथा बन्जरभूमिमा उद्योगहरू स्थापना नीति लागू गरिनुपर्छ। त्यसरी नै उद्योगहरूबाट निस्कने पदूषणलाई नियन्त्र गर्न आवश्यक प्रविधि अपनाउने, वृक्षारोपण कार्यक्रमलाई गाउँघर सहायकमार्ग, राजमार्गको दुवै किनारा र नाङ्गा डाँडापाखाहरूमा एउटा अभियानको रुपमा अघि बढाउन आवश्यक छ।

यसैगरी ब्याट्री तथा हाइड्रोजनबाट चल्ने गाडीहरूको प्रयोगमा जोड दिने, जनसंख्या वृद्धि, गरिबी निवारण र सुकुम्बासी समस्या जस्ता सरोकार राख्ने वातावरणका विषयलाई कक्षा सात आठदेखि नै पाठ्य पुस्तकमा अनिवार्य गराएर भविष्यको पुस्तालाई जिम्मेवार बनाइनुपर्छ। तत्तसम्बन्धी नीति निर्माण गरी सरकारी तबरबाट पनि समाधानमा त्यतिकै तदारुकता अपनाउन जरुरी देखिन्छ।

पृथ्वी दिवसबारे यतिको चर्चा गरेर विश्वकै प्रमुख अभियन्ता ग्रेटा थनबर्गको चर्चा गरिएन भने पृथ्वी दिवस अपुरो हुनेछ। स्वीडेनकी ग्रेटा थनबर्ग ८ वर्षको उमेरदेखि नै वातावरणबारे रुचि राखेर बुझ्न थालिन्। क्रमशः ठूली हुँदै र बुझ्ने भएपछि उनले स्टकहोममा १८ महिना डिजिटल माध्यमबाट जलवायु परिवर्तनको विषयमा अभियान छेडिन्।

त्यसपछि सन् २०१८ मा स्वीडेनको संसद् अगाडि जलवायु परिवर्तनका मुद्दामा ठूलो विरोध प्रदर्शन गरिन्। त्यसबेला उनी १५ वर्षकी थिइन्। स्वीडेनका स्कुलहरूमा हरेक हप्ता 'फ्राइडे फर फुचर' को सन्देशमार्फत् हडताल गरी विद्यार्थीहरूलाइ गोलबन्ध गर्न थालिन्। जसले गर्दा ब्यापकस्तरमा जनसमर्थान बढ्न थाल्यो। पर्यावरण असन्तुलनको मुद्दा विश्वस्तमा नै पुर्याउन थालिन्।

सन् २०१९-२०२० सम्म उनी निकै सक्रिय रहिन्। त्यसपछि सन् २०२३ को गर्मीमा पुनः स्कुल हड्ताल गरेर वातावरण परिवर्तनको अभियानमा निरन्तर लागिरहिन्।

उनले १५ मार्च २०१९ मा जलवायु परिवर्तनको एउटा अन्तर्राष्ट्रिय सम्मेलनमा दुई सय भन्दा बढी देशहरूको सामाजिक संघ संगठनहरूको उपस्थिति थियो। त्यहाँ सम्बोधनका क्रममा विलाशी जीवन पद्धतिका कारण उत्पन्न परिस्थितिप्रति कडा विरोध गरिन्। राष्ट्र प्रमुखहरूलाई समय रहँदै उचित निर्णय लिन अनुरोध गरिन्।

अत्यन्त भावुक हुँदै भनिन्, 'अझै पनि केही बिग्रेको छैन। विगत पुस्ताका कार्यशैलीले हामीलाई जिम्मेवार बनाएको छ। यो एउटा अस्तित्वको लडाईं हो र यो मानव जातिले सोचेभन्दा गम्भीर संकट हो।'

उनले जलवायु परिवर्तनका सवालमा विश्वको ध्यानाकर्षण गराएकी हुनाले शोधकर्ताहरूसमेत बालबालिकाहरूको रुचि र सक्रियताले धेरैलाई ब्यूँझाएको छ। त्यसमा पनि स्वीडिस बच्चाहरूले देखाएको सक्रियता ५० वर्षभन्दा पहिलेका पुराना राजनीतिक संस्कृतिविरुद्ध चोटिलो प्रहार गर्न पछि नपर्ने बहादुर छोरीको रुपमा बुझ्नु उपयुक्त हुनेछ।

सारांश : मानव विकास भनेको धेरै हुनुमा छ, धेरै थुपार्नुमा होइन। हामीलाई आवश्यक पर्ने कुरा उपलब्ध हुने र हाम्रा कामहरूले वातावरणमाथि पार्ने असरलाई घटाउने ज्ञान प्रविधि हो। विश्वब्यापी नागरिक समाजको उद्देश्य प्रजातान्त्रिक र मानवीय विश्वको निर्माण गर्न नयाँ अवसरहरू सृजना गरेको छ। हाम्रो वातावरणीय आर्थिक राजनीतिक सामाजिक र आध्यात्मिक चुनौतिहरू अन्तरसम्बन्धित छन्।

हामीले विकास प्रगति र आधुनिकताको नाउँमा निर्माण गरेको कंक्रिटका जंगलहरूले पृथ्वीमा पदूषण र तापक्रम अत्यन्तै बढायौं। त्यसको परिणामस्वरूप हामी बसेको भूमिमा पानीको हाहाकारको संकेतले पृथ्वी बन्जर बन्ने सम्भावना देखिन्छ। यस्ता गम्भीर विषयमा हामीले वर्तमान पिँढी र आउँदो पिँढीलाई पानीको संरक्षणका लागि जनचेतना जगाउन कदापि पछि पर्नुभएन। किनकि पानीविना यस पृथ्वीमा मानव मात्र होइन, सम्पूर्ण जीव वनस्पति सदाका लागि नष्ट हुनेछन्। पृथ्वीमा मानव र अन्य जीवको अस्तित्व नै लोप हुने संकेत देखिन्छ।

अतः हामी सबैले के बुझ्न जरुरी छ भने प्रकृतिबाट प्राप्त श्रोत साधनहरूको हामीले विवेकपूर्ण किसिमले उपभोग गरिरहेका हुँदैनौं। त्यसैकारण मानवजातिले आफ्नो अस्तित्वको रक्षा गर्दा पृथ्वी रक्षाको पनि ख्याल राख्न सक्यौ भने समाधान आफैँमा भेटाउन सक्नेछौं।

# 'सङ्घीय कानुनले पूर्णता नपाउँदा सङ्घीयताको अनुभूति भएन'

काठमाण्डु । नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले देशमा नयाँ संविधान जारी भएको आठ वर्ष बितिसक्दा पनि अझै तीन तहका लागि आवश्यक सङ्घीय ऐन, कानुन बन्न नसक्दा जनताले पूर्णरुपमा सङ्घीयताको अनुभूति गर्न नपाएको बताउनुभएको छ ।

जगन्नाथ आचार्य स्मृति प्रतिष्ठानले बुधबार कौशलटारमा आयोजित नेपालको प्रजातान्त्रिक आन्दोलनका अमर नक्षेत्र एवं नेपाली कांग्रेसका अग्रपङ्क्तिका नेता स्व जगन्नाथ आचार्यको १०१औँ जन्मजयन्तीमा उहाँले लोकतन्त्र, सङ्घीय व्यवस्था र प्राप्त राजनीतिक उपलब्धिका विषयमा जनताले प्रश्न गर्न थालेको बताउनुभएको हो ।

नेता सिंहले भन्नुभयो, "लोकतान्त्रिक सङ्घीय व्यवस्थासहितको संविधान जारी भई दुईपटक तीनै तहको निर्वाचन सम्पन्न भएर सरकार गठन भए पनि अझै आवश्यक ऐन कानुन बन्न नसक्दा जनताले प्रश्न गर्न थालेका छन्, जनताले तीन तहको सरकारको अनुभूति गर्न पाएका छैनन्, केन्द्रिकृत एकात्मक व्यवस्था र सङ्घीयतामा फरक के हो ? खोई त ? भन्ने त आइरहेको छ नी, आठ वर्ष बितिसक्दा पनि आवश्यक सङ्घीय ऐन कानुन बन्न नसक्दा सङ्घीयता पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।"

उहाँले सङ्घीयताले पूर्ण नपाउँदै यसलाई जोगाउने चुनौती आइरहेको भन्दै नेपाली कांग्रेसले सङ्घर्षका लागिभन्दा सङ्घीयतालाई पूर्णता दिँदै यसको रक्षाका लागि लाग्नुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुरमा सङ्घीय सांसद, प्रदेशसभा सदस्य र स्थानीय तहमा विजयी भएका कांग्रेस नेताले विकासको काम गरेर जनतालाई देखाउनुपर्ने औँल्याउँदै अरुले गरिदेला भनेर नबसी आफैँ अग्रसर भएर काम गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाली कांग्रेस भक्तपुरका सभापति एवं सांसद दुलर्भ थापा, नेपाली कांग्रेसका केन्द्रीय सदस्य मदनकृष्ण श्रेष्ठ, बागमती प्रदेशका प्रदेशसभा सदस्य सुरेश श्रेष्ठ, नेपाली कांग्रेस भक्तपुर क्षेत्र नं २ का सभापति भेषबहादुर कार्की, मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठलगायतले विसं २०४६ को जनआन्दोलनमा काठमाण्डु उपत्यकाका कमाण्डर रहेका स्व आचार्यको राजनीतिक जीवनलाई स्थानीय पाठ्यक्रममा समावेश गर्दै उहाँको सालिक स्थापना गरेर नयाँ पुस्तालाई उहाँको जीवनीका बारेमा जानकारी दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा स्व आचार्यका राजनीतिक सहकर्मी नेपाली कांग्रेस भक्तपुरका पूर्वसभापति एवं पूर्वसांसद लेखनाथ न्यौपानेलाई सम्मान गरिएको थियो । प्रतिष्ठानका अध्यक्ष विनोद आचार्यको सभापतित्वमा सम्पन्न कार्यक्रममा सम्मानित लेखनाथ न्यौपाने, कांग्रेस भक्तपुरका अग्रज नेता रामप्रसाद दवाडी, नेपाली कांग्रेस मध्यपुरथिमि ३ नं वडा सभापति कृष्णहरि आचार्यलगायतले स्व आचार्यको राजनीतिक जीवन र उहाँले भूमि सुधारका विषयमा गरेका सुधारका कार्यको चर्चा गर्नुभएको थियो । रासस

## नेपाल-कतार द्विपक्षीय वार्ता

# नेपालमा लगानी गर्न प्रधानमन्त्री दाहालको आग्रह

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल र कतारबीच रहिआएको आपसी सम्बन्धलाई थप सुदृढ तुल्याउँदै दुवै देशको हितमा सहयोग आदानप्रदान हुनुपर्ने बताउनुभएको छ ।

प्रधानमन्त्री दाहाल र नेपालको राजकीय भ्रमणमा रहनुभएका मित्रराष्ट्र कतारका अमिर (राजा) शेख तामिम विन हमाद अल थानीबीच बुधबार यहाँ भएको 'द्विपक्षीय वार्ता' का क्रममा प्रधानमन्त्रीले नेपालमा कृषि, पर्यटन एवं पूर्वाधारका क्षेत्रमा लगानीका लागि उपयुक्त अवसर रहेको जानकारी गराउनुभयो ।

कतारमा कार्यरत नेपालीहरू नेपाल-कतारबीच रहीआएको मैत्रीसम्बन्धलाई अझ सबल बनाउने सूत्र भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले आगामी दिनमा यस्ता सम्बन्धलाई अझ मजबुद बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले इजरायल र हमासबीच भएको द्वन्द्वका क्रममा बेपत्ता नेपाली विद्यार्थी विपिन जोशीलाई सुरक्षितरूपमा नेपाल ल्याउन पहल गरिदिन अनुरोध गर्नुभयो ।

नेपाल र कतारबीच सदैव सौहार्द सम्बन्ध रहँदै आएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले दुई देशबीच सम्बन्धहरू सौहार्दपूर्ण मित्रता, आपसी सम्मान, विश्वास र सहयोगमा आधारित रहेको बताउनुभयो । "कतार नेपालको विश्वासिलो मित्रका रुपमा रहेको छ", प्रधानमन्त्रीले भन्नुभयो, "हाम्रो सम्बन्ध प्रगाढ र विस्तार हुँदै गएको छ । यो सम्बन्ध केवल सरकारी तहमा मात्र सीमित छैन, जनताको तहमा पनि बिस्तार भएको छ ।"

उहाँले दुई देशबीच हुने उच्चस्तरीय भ्रमणले आपसी सम्बन्धलाई अझ प्रगाढ तुल्याउन, सुदृढ गर्न र थप उचाइमा पुऱ्याउन मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो । 'लगानीका लागि नेपाल विश्वकै आकर्षक गन्तव्य' नेपाल लगानीकर्ताका लागि विश्वकै सर्वाधिक आकर्षक ठाउँमध्येको एक भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले कृषि, खानी, ऊर्जा र जलविद्युत्, पूर्वाधार विकास, पर्यटन, सूचना तथा सञ्चार प्रविधि र सेवा तथा सत्कार क्षेत्रहरू वैदेशिक लगानीका लागि उपयुक्त रहेको जानकारी गराउनुभयो ।




उहाँले भन्नुभयो, "नेपालमा शुद्ध पिउने पानीको पर्याप्त स्रोत भएकाले विश्व बजारमा बोतलबन्द पिउने पानी वितरण गर्न सकिने प्रचूर सम्भावना छ ।" नेपालले लगानीमैत्री वातावरण सुनिश्चित गर्दै लगेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले छिट्टै नेपालमा हुन लागेको लगानी सम्मेलनमा कतारबाट उच्चस्तरीय प्रतिनिधिमण्डल तथा लगानीकर्ताहरूको टोली नेपाल आउने अपेक्षा रहेको बताउनुभयो ।

भौगोलिक विविधताका कारण नेपाल अर्गानिक कृषि उत्पादनका लागि उपयुक्त ठाउँ भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले यस क्षेत्रमा लगानीका लागि कतारी लगानीकर्तालाई प्रोत्साहित गरिने बताउनुभयो । नेपाल विश्व पर्यटनको आकर्षणको केन्द्र रहँदै आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो, "नेपालको पर्यटन पूर्वाधारको विकासमा गरेको अन्तर र्राष्ट्रिय लगानी खेर जाने छैन ।"

उहाँले सन् २०१३ को मेमा शेख मोहम्मद बिन अब्दुल्लाह अल थानीले गर्नुभएको सगरमाथाको सफल आरोहणले विश्वमा नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको उल्लेख गर्नुभयो । प्रधानमन्त्री दाहालले कतार पर्यटन प्राधिकरणको बाह्य पर्यटन गन्तव्यको सूचीमा नेपाललाई समावेश गर्न आग्रह गर्नुभयो ।

### 'लुम्बिनी र पोखराबाट पनि उडान सञ्चालन गरौँ'

प्रधानमन्त्री दाहालले कतार सरकारलाई लुम्बिनी तथा पोखराबाट समेत उडान सञ्चालन गर्न आग्रह गर्नुभएको छ । द्विपक्षीय वार्ताका क्रममा प्रधानमन्त्री प्रचण्डले काठमाण्डु र दोहाबीच प्रभावकारी एवं पर्याप्त हवाई सेवा भएको उल्लेख गर्दै पोखरा र भैरहवास्थित विमानस्थलबाट पनि दोहामा हवाई सेवा सञ्चालनका लागि आग्रह गर्नुभयो ।

"कतार सरकारलाई लुम्बिनी तथा पोखराबाट समेत उडान सञ्चालन गर्ने बारेमा विचार गर्न अनुरोध गर्दछु", प्रधानमन्त्री दाहालले भन्नुभयो । नेपाल र कतारबीच धेरै सम्झौता तथा समझदारीपत्रहरु (एमओयु) सम्पन्न भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले समयको मागसँगै दुवै देशबीच भएका सम्झौता तथा समझदारीहरू परिमार्जन तथा अद्यावधिक गर्दै लैजानुपर्नेमा जोड दिनुभयो ।

### आप्रवासी श्रमिक द्विपक्षीय सम्बन्धका सूत्र

प्रधानमन्त्री दाहालले कतारमा कार्यरत करिब चार लाख नेपाली द्विपक्षीय सम्बन्धलाई जोड्ने महत्त्वपूर्ण सूत्र भएको बताउनुभएको छ । उहाँले कतारमा दक्ष तथा अर्धदक्ष श्रमिकहरु पठाउनका लागि नेपालमा व्यावसायिक तालिम र सीपविकास केन्द्र स्थापना गर्न लागिएकाले त्यसमा सहयोग गर्न आग्रह गर्नुभयो ।

नेपाली श्रमिकको सुरक्षाबारे चासो राख्दै प्रधानमन्त्री दाहालले भन्नुभयो, "नेपाल आफ्ना नागरिकका लागि सुरक्षित तथा सम्मानित वैदेशिक रोजगारी सुनिश्चित गर्नका लागि प्रतिबद्ध छ र यससँग सम्बन्धित समस्यालाई संवाद तथा कूटनीतिक माध्यमबाट समाधान गर्न चाहन्छ ।"

### आर्थिक विकास नेपालको प्राथमिकता

प्रधानमन्त्री दाहालले आर्थिक विकास नेपालको प्राथमिकता भएको उल्लेख गर्दै सन् २०२६ मा अतिकम विकसित मुलुकको स्तरबाट स्तरोन्नतिलगायतका विकासका आकाङक्षा पूरा गर्नका लागि मित्रराष्ट्र तथा विकास साझेदारबाट निरन्तर सहयोगको अपेक्षा गरेको बताउनुभयो । उहाँले जलविद्युत् उत्पादन, अस्पताल तथा स्वास्थ्य संस्था वा अन्तर्राष्ट्रिय स्तरका क्रिकेट तथा फुटबल रङ्गशालाजस्ता ठूला पूर्वाधार परियोजनाको विकासका लागि कतार सरकारबाट अनुदान प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

### विपिन जोशीको रिहाइका लागि पहल गरिदिन प्रमको आग्रह

प्रधानमन्त्री दाहालले इजरायलमा हमासको आक्रमणमा परी बेपत्ता भएका नेपाली विद्यार्थी विपिन जोशीको सकुशल रिहाइका लागि पहल गरिदिन आग्रह गर्नुभएको छ । "आफ्नो शैक्षिक प्रयोगात्मक परीक्षाका लागि इजरायलमा रहेका निर्दोष नेपाली विद्यार्थी विपिन जोशी गत अक्टोबर ७ मा इजरायलमा हमासले गरेको आक्रमणपश्चात् बेपत्ता छन् र उनको अवस्था हालसम्म पनि थाहा हुन सकेको छैन", प्रधानमन्त्री दाहालले भन्नुभयो, "म उनको शीघ्र तथा सुरक्षित रिहाइको सहजीकरणका लागि कतार सरकार समक्ष पुनः अनुरोध गर्न चाहन्छु ।"

प्रधानमन्त्री दाहालले भन्नुभयो, "यस विषयमा महामहिमको व्यक्तिगत ध्यानाकर्षणका लागि अनुरोध गर्दछु ।" पश्चिम एसियामा बिग्रँदै गएको परिस्थितिप्रति चिन्ता व्यक्त गर्दै प्रधानमन्त्रीले जतिसक्दो चाँडो युद्ध अन्त्य भएर शान्ति पुनःस्थापना होस् भन्ने कामना गर्नुभयो । रासस

# उपनिर्वाचनको मौन अवधि सुरु



काठमाण्डु । यही वैशाख १५ गते हुने इलामको प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ र बझाङको प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं १ को उपनिर्वाचनका लागि निर्वाचन आचारसंहिताअनुसार बुधबार रातिदेखि प्रचारप्रसार गर्न निषेध गरिएको छ ।

निर्वाचन आयोगले मतदान हुने दिन यही वैशाख १५ गतेभन्दा ४८ घण्टा अघि वैशाख १२ गते राति १२ बजेदेखि मतगणनाको कार्य सम्पन्न नभएसम्म प्रचारप्रसार गर्न निषेध गरिएको जनाएको छ ।

आयोगले यस अवधिमा उपनिर्वाचन हुने सम्बन्धित जिल्लामा आचारसंहिता प्रतिकूल हुने गतिविधिको निगरानी तथा नियन्त्रणका लागि सूक्ष्म अनुगमन गरी आचारसंहिता पालना गराउने व्यवस्थासमेत मिलाइसकेको छ ।

निर्वाचन आचारसंहिताबमोजिम प्रचारप्रसार निषेधको अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी लगायत गर्न तथा उम्मेदवारको पक्ष या विपक्षमा कुनै पनि प्रकारको प्रचारप्रसार गर्न, एसएमएस, फेसबुक भाइबरजस्ता विद्युतीय माध्यम तथा सामजिक सञ्जालबाट समेत मत माग्न निषेध छ ।

निर्वाचनआचारसंहिताविपरीत वक्तव्य दिने, प्रेस विज्ञप्ति निकाल्ने, प्रकाशन तथा प्रसारण गर्ने, सञ्चार माध्यमबाट जित वा हारको पूर्वानुमानका सामग्री प्रकाशन तथा प्रसारण जस्ता कार्य नगरी निर्वाचनको स्वच्छता र निष्पक्षता कायम गर्न आयोगले आज जानकारी गराएको छ ।

उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न/गराउन प्रचारप्रसार निषेध अवधिको अनुगमन र निगरानी गरी सोको जानकारी आयोगलाई गराउन सम्बन्धित निकायलाई निर्देश गरिएको आयोगका उपसचिव एवं सहायक प्रवक्ता रामदत्त पाण्डेयले जानकारी दिनुभयो । रासस

# विद्यालयको पाठ्यक्रममा भूकम्पका बारेमा जानकारी राखिनुपर्छ : मन्त्री भण्डारी

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले विद्यालयको पाठ्यक्रममा भूकम्पका बारेमा जानकारी राखिनुपर्ने बताउनुभएको छ ।

खानी तथा भूगर्भ विभाग र महिला पत्रकारको समूह सम्बाहिका समाज नेपालले गोरखा भूकम्पको सम्झनामा बुधबार खानी विभाग लैनचौरमा आयोजना गरेको बृहत् फोटो प्रदर्शनीको शुभारम्भ गर्दै उहाँले भूकम्पका बारेमा सचेत र सजग बनाउनका लागि विद्यालयको पाठ्यक्रममा जानकारी राखिनुपर्ने बताउनुभएको हो ।

"भूकम्पले पुऱ्याएको क्षतिबारे व्यक्तिले बिर्सन सक्छ, तर राज्यले बिर्सन मिल्दैन, विद्यालयको पाठ्यक्रममा भूकम्पबारे जानकारी दिन सरकारकातर्फबाट मैले पहल गर्छु", उहाँले भन्नुभयो । उहाँले भूकम्पबाट हुने क्षति न्यूनीकरणका लागि संरचना निर्माणमा विशेष ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो । नेपाल भूकम्पको जोखिमयुक्त क्षेत्र भएकाले भूकम्पको विस्तृत अध्ययन गर्दै पूर्ण सावधानी अपनाउनु जरुरी रहेको उहाँको भनाइ थियो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उद्योग सचिव कृष्णबहादुर राउतले विसं २०७२ को भूकम्पको स्मरण गराउनका लागि फोटो प्रदर्शन गरेर राम्रो कामको सुरुवात भएको बताउनुभयो । उहाँले नेपाल भूकम्पको अत्यन्त जोखिमयुक्त मुलुक भएकाले यहाँ बन्ने भौतिक संरचना निर्माणमा भूकम्पीय जोखिम कम हुने खालको बनाउनुपर्ने उल्लेख गर्नुभयो । सचिव राउतले विसं २०७२ को भूकम्पले मानवीय, भौतिक र आर्थिक क्षति पुगेको स्मरण गर्नुभयो ।



खानी तथा भूगर्भ विभागका महानिर्देशक रामप्रसाद घिमिरेले भूकम्पका बारेमा आम जनतालाई जानकारी दिने उदेश्यले विभागले विभिन्न तहका पाठ्यक्रम निर्माण गरिरहेको उल्लेख गर्नुभयो । उहाँले भूकम्पबाट हुने क्षति कम गर्नका लागि खानी विभागले 'विल्डिङ कोर्ड' निर्माण गरे पनि कतिपय स्थानीय तहले उक्त कोर्ड लागू नगर्दा समस्या भएको बताउनुभयो ।

विभागका वरिष्ठ भूकम्पविद् डा लोकविजय अधिकारीले नेपाल भूकम्पको अत्यन्त जोखिम क्षेत्र भएकाले यसबाट जोखिमका लागि पक्की संरचना निर्माण गर्नुपर्ने बताउनुभयो ।

सम्बाहिका समाज नेपालका अध्यक्ष एवं सञ्चारकर्मी चाँदनी हमालले विसं २०७२ को भूकम्पको स्मरणका लागि फोटो प्रदर्शनी गरिएको बताउनुभयो । उहाँले भूकम्पीय जोखिम न्यूनीकरणका लागि सञ्चारमाध्यमले निरन्तर आवाज उठाउँदै आएको उल्लेख गर्नुभयो ।

विसं २०७२ वैशाख १२ गते बिहान ११ बजेर ५६ मिनेट जाँदा गोरखाको बारपाक केन्द्रबिन्दु भएर सात दशमलव नौ रेक्टर स्केलको भूकम्प गएको थियो । उक्त भूकम्पमा परेर देशभर नौ हजारभन्दा बढीको ज्यान गएको थियो भने २२ हजार व्यक्ति घाइते भएका थिए । उक्त भूकम्पका कारण आठ लाख भवन भत्किएका थिए ।

पछिल्लो समय विसं २०८० कात्तिक १७ गते राति जाजरकोट केन्द्रबिन्दु भएर छ दशमलव चार रेक्टर स्केलको भूकम्प जाँदा एक सय ५६ जनाले ज्यान गुमाएका थिए । उक्त भूकम्पले जाजरकोट, रुकुम पश्चिमलगायतका जिल्लाका ८० हजार घरमा क्षति पुऱ्याएको थियो । रासस


**प्रभु बैंक लिमिटेड शाखा कार्यालय राजबिराज, सप्तरीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना**

**(सूचना प्रकाशित मिति २०८१/०१/१३ गते बिहिबारको जनकपुर टुडे दैनिक पत्रिका)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्योट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्योट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्योट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्योट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय राजबिराज, सप्तरी**मा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८१/०२/२४ गते **बिहिबार** (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय राजबिराज, सप्तरीमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्वन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**१ ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, मोरङ्ग बिराटनगरमा प्राईभेट फर्म रजिष्ट्रिशन ऐन, २०१४ बमोजिम मिति २०६२/०२/१० मा दर्ता भई प्रा.फ.र.नं. २००११/०६२ कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय लाहान सिरहाबाट मिति २०६२/०४/२६ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ३०१९७१००३ को प्रमाणपत्र प्राप्त **जय मातादि ट्रेडर्स । रजिष्ट्रड ठेगाना :** सप्तरी जिल्ला हनुमान नगर गाबिस.वडा नं.३ ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : सन्तोष कुमार दास**<br>(ना.प्र.नं. २५८७, जारी मिति २०५८/०१/२६ जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी) ।<br>ठेगाना : सप्तरी जिल्ला, हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ८ (साविक हनुमाननगर गा बि स वडा नं. १)<br>बाबु : देव नारायण दास ।<br>बाजे : लखी चन्द दास । | **जमानतकर्ता : सरिता देवी दास**<br>(ना.प्र.नं. १६३०२१/१४३, जारी मिति २०६३/११/२८, जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी) ।<br>ठेगाना : सप्तरी जिल्ला, हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ८ (साविक हनुमाननगर गा बि स वडा नं. १)<br>बाबु : गुदरी दास ।<br>पति/ससुरा : सन्तोष कुमार दास/देव नारायण दास । |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१ सरिता देवी दासको नाममा मालपोत कार्यालय राजविराज सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला राजबिराज नगरपालिका वडा नं. ८ स्थित बिटौरी कि.नं. १८/१क (करिन्दा प्लौट) क्षेत्रफल ०-०-५ (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........................ ....१

२ ऋणी **जय मातादि ट्रेडर्सको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ..........१

**२ ऋणी :** प्रदेश सरकार, प्रदेश नं. २ नेपाल, उद्योग, पर्यटन बन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशानलय, घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजबिराजमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७८ भाद्र १० गते दर्ता भई प्रा.फ.र.नं..९२३५/०७८/७९ कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, लाहान, करदता सेवा कार्यालय राजविराज सप्तरीबाट मिति २०७८/०५/१० मा स्थायी लेखा नम्बर (पान) दर्ता नं. ६१६५०१८८५ को प्रमाणपत्र प्राप्त **माँ अम्बे ट्रेडर्स ।रजिष्ट्रर्ड ठेगाना :** सप्तरी जिल्ला हनुमाननगर कंकालिनी न.पा. वडा नं. ७, अररीया ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : सरिता देवी दास**<br>(ना.प्र.नं. १६३०२१/१४३, जारी मिति २०६३/११/२८, जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी) ।<br>ठेगाना : सप्तरी जिल्ला, हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ८ (साविक हनुमाननगर गा बि स वडा नं. १)<br>बाबु : गुदरी दास ।<br>पति/ससुरा : सन्तोष कुमार दास/देव नारायण दास । | **जमानतकर्ता : सन्तोष कुमार दास**<br>(ना.प्र.नं. २५८७, जारी मिति २०५८/०१/२६ जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी) ।<br>ठेगाना : सप्तरी जिल्ला, हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ८ (साविक हनुमाननगर गा बि स वडा नं. १)<br>बाबु : देव नारायण दास ।<br>बाजे : लखी चन्द दास । |

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. **सरिता देवी दास**को नाममा मालपोत कार्यालय विराटनगर म.न.पा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला बखरी गा.बि.स वडा नं. ५ नक्सा सिट नं. ५ख कित्ता नं. ६७१ क्षेत्रफल ०-०-५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत...१

२. **सरिता देवी दास**को नाममा मालपाेत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. ३ नक्सा सिट नं. ३ख कित्ता नं. १८३२ क्षेत्रफल ०-०-१०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत................१

३. ऋणी **माँ अम्बे ट्रेडर्सको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ..........१

**पुनश्च :**

१. बोलपत्र सम्वन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय राजबिराज**बाट समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा यस बैंकको **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय राजबिराजमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

# अमेरिकामा टिकटकमाथि प्रतिबन्ध लगाउने विधेयक कांग्रेसद्वारा पारित

एएफपी

वासिङ्टन । अत्यन्त लोकप्रिय सामाजिक सञ्जाल एप टिकटकलाई यसको चिनियाँ मूल कम्पनी बाइटडान्सबाट अलग गर्न वा अमेरिकी बजारबाट बन्द गर्नुपर्ने कानूनलाई अमेरिकी सिनेटले मङ्गलबार अनुमोदन गरेको छ।

यो कदम ९५ अर्ब डलरको विदेशी सहायता प्याकेजको हिस्सा थियो । उक्त प्याकेजमा युक्रेन, इजराइल र ताइवानलाई सैन्य सहायता पनि समावेश थियो। यसलाई अहिले कांग्रेसले अनुमोदन गरेको छ र प्रमाणीकरणका लागि राष्ट्रपति जो बाइडेनको डेस्कमा पुगेको छ।

अमेरिका र अन्य पश्चिमी अधिकारीहरूले युवामाझ टिकटकको लोकप्रियताप्रति चिन्ता व्यक्त गर्दै यसले बेइजिङलाई डाटा सङ्कलन गर्न र प्रयोगकर्ताहरूमाथि जासुसी गर्ने अनुमति दिने आरोप लगाएका छन् । अमेरिकामा मात्र यसको प्रयोगकर्ताको सङ्ख्या १७ करोड रहेको छ।

आलोचकहरूले टिकटक बेइजिङको अधीनमा रहेको र गलत प्रचार फैलाउने माध्यम भएको बताएका छन्। चीन र कम्पनीले ती दाबीहरूको कडारूपमा खण्डन गरेका छन्।

कुनै पनि कम्पनीलाई अमेरिकी बजारमा सञ्चालन गर्नबाट रोक लगाउन दुर्लभ कदम चाल्न सक्ने उक्त




विधेयक प्रतिनिधिसभाले बलियो द्विदलीय (डेमोक्रेट र रिपब्लिकन) समर्थनका साथ पारित गरेको तीन दिनपछि सिनेटले १८ का विरुद्ध ७९ मतले पारित गरेको थियो।

राष्ट्रपति बाइडेनले कानूनमा हस्ताक्षर गर्ने बताउनुभएको छ। उहाँले यसै महिनाको प्रारम्भमा चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको दुर्लभ टेलिफोन वार्तामा टिकटकका बारेमा आफ्नो चिन्तालाई दोहोर्याउनुभएको थियो।

शनिबार सदनमा मतदान भएपछि टिकटकले गुनासो गर्दै कानून निर्माताहरूले १७ करोड अमेरिकीको स्वतन्त्र अभिव्यक्तिलाई कुल्चिने, ७० लाख व्यवसायलाई ध्वस्त पार्ने र अमेरिकी अर्थतन्त्रमा वार्षिक २४ अर्ब डलरको योगदान गर्ने प्लेटफर्म बन्द गर्ने प्रतिबन्धित विधेयकलाई अवरोध पार्ने कोसिस गर्नु 'दुर्भाग्यपूर्ण' हो भनेको छ।

विधेयकअन्तर्गत बाइटडान्सले एक वर्षभित्र एप बिक्री गर्नु पर्नेछ वा अमेरिकामा एप्पल र गुगलको एप स्टोरहरूबाट बाहिरिनु पर्नेछ।

पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पअन्तर्गत अमेरिकी अर्थमन्त्रीका रूपमा काम गर्नुभएका स्टिभन मेनुचिनले आफू टिकटकलाई अधिग्रहण गर्न इच्छुक रहेको भन्दै लगानीकर्ताहरूको समूह भेला गर्नुभएको छ।

टिकटक वर्षौंदेखि अमेरिकी अधिकारीहरूको निशानामा परेको छ। अधिकारीहरूले उक्त प्लेटफर्मले बेइजिङलाई अमेरिकामा यसको प्रयोगकर्ताहरूको जासुसी गर्न अनुमति दिएको बताएका छन् । यद्यपि प्रतिबन्धले मुद्दा चलाउन सक्छ।

# जापानको मानवरहित चन्द्रमा ल्यान्डर तेस्रो चन्द्र रातसम्म जीवित

एएफपी

टोक्यो। जापानको चन्द्रमा ल्यान्डर आफ्नो प्रमुख कार्यपछि दुई साताको अर्को चिसो चन्द्र रातमा जीवित रहेपछि तेस्रो पटक बिउँझिएको मुलुकको अन्तरिक्ष एजेन्सीले बुधबार बताएको छ।

आफ्नो अवतरण सटीकताका लागि 'मुन स्नाइपर' भनिने स्मार्ट ल्यान्डर फर इन्भेस्टिगेटिङ मुन (एसएलआइएम) जनवरीमा चन्द्रमाको सतहमा आएको थियो। यसबाट जापान चन्द्रमामा सफ्ट अवतरण हासिल गर्ने पाँचौं मुलुक बन्यो।

यद्यपि कछुवा गतिमा चल्ने एउटा मिनी-रोभर बोकेको मानवरहित हलुका यो अन्तरिक्ष यान एउटा अस्पष्ट कोणमा उत्रिँदा उसको सौर्य प्यानल गलत दिशामा गयो।

निराशावादी भविष्यवाणीहरूलाई बेवास्ता गर्दै फेब्रुअरीको अन्त्यमा पृथ्वीको करिब १४ दिनसम्म चल्ने चन्द्र रात समाप्त भएपछि अनुसन्धानलाई पुनर्जीवित गरिएको थियो।

माइनस एक सय ३० डिग्री सेल्सियससम्मको न्यूनतम तापक्रमको सामना गरेपछि यसले गत महिनाको अन्त्यमा यो उपलब्धि दोहोर्यायो र नयाँ तस्बिरहरू पृथ्वीमा पठायो।

जापान एयरोस्पेस एक्सप्लोरेसन एजेन्सी (जाक्सा) ले बुधबार यानले तेस्रो पटक बिउँझिएपछि परीक्षणसँग सञ्चार गर्न पुनः सफल भएको बताएको छ। सामाजिक सञ्जाल एक्समा जाक्साले उक्त ल्यान्डरबाट प्राप्त चन्द्रमाको सतहको एउटा तस्बिर पोस्ट गरेको छ।

"एसएआइएमले तीन रातसम्म जीवित रहेपछि आफ्नो मुख्य काम जारी राखेको छ", जाक्साले भनेको छ। यसअघि जाक्साले अन्तरिक्ष यानलाई कठोर चन्द्र रातका लागि डिजाइन नगरिएको बताएको थियो।

"हामी एसएआइएमको अवस्थाको सावधानीपूर्वक अनुसन्धान गर्न जारी राख्नेछौँ र दिन र रातमा चन्द्रमाको वातावरणमा निर्भर गर्दै कुन भाग बिग्रने सम्भावना छ र कुन भाग बिग्रने सम्भावना कम छ भनेर स्पष्ट गर्नेछौँ", जाक्साले भनेको छ।

# राष्ट्रिय क्रिकेटमा गण्डकी प्रदेश विजयी



**काठमाण्डु**। गण्डकी प्रदेशले वीर गणेशमान सिंह राष्ट्रिय टी-ट्वान्टी च्याम्पियनसिपमा कोशी प्रदेशलाई बुधबार चार विकेटले पराजित गरेको छ।

मूलपानी क्रिकेट मैदानमा भएको खेलमा कोशीले प्रस्तुत गरेको एक सय ५६ रनको लक्ष्य गण्डकीले १९ दशमवल पाँच ओभरमा छ विकेट गुमाउँदै पूरा गर्‍यो।

गण्डकीका लागि दिनेश बुढामगरले सर्वाधिक ३३ रनको योगदान दिए भने ईश्वर क्षेत्रीले २५ रन बनाए । त्यस्तै अर्जुन कुमालले २४, अर्जुन रायमाझीले अविजित २३, कप्तान विपिन खत्रीले अविजित १८, दीपक डुम्रेले १८ र अमृत गुरुङले १२ रन बनाए।

कोशीका लागि प्रकाश कार्कीले दुई विकेट लिदाँ श्रवण यादव, दीपेश कँडेल, ज्ञानेन्द्र श्रेष्ठ र श्रवण किस्कुले समान एक/एक विकेट लिए।

टस हारेर पहिला ब्याटिङको निम्तो पाएको कोशीले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै एक सय ५५ रनको योगफल बनाएको थियो।

कोशीका लागि सोनु अन्सारीले ४४, मिनाश थापाले ४३, कप्तान अङ्कित सुवेदीले ३२, श्रवण यादवले अविजित २१ तथा दीपेश कँडेलले १० रन बनाएका थिए।

गण्डकीका लागि सुवास भण्डारीले तीन तथा विपिन खत्री र अमृत गुरुङले समान एक एक विकेट लिए। रासस

# फिलिपिन्समा चरम गर्मीका कारण छको मृत्यु

सिन्ह्वा

मनिला। फिलिपिन्सको स्वास्थ्य विभाग (डिओएच) ले यस वर्ष जनवरी १ देखि अप्रिल १८ को अवधिसम्ममा छ जनाको मृत्युसहित गर्मीसम्बन्धी रोगका कम्तिमा ३४ वटा घटना प्राप्त भएको जनाएको छ।

मृत्युको कारण भने स्पष्टरूपमा अझै पुष्टि हुन बाँकी रहेको डिओएचका सहायक सचिव अल्बर्ट डोमिङ्गोले बताउनुभयो। गर्मीसम्बन्धी ३४ वटा घटना मध्य फिलिपिन्सको केन्द्रीय भिसायास क्षेत्र, उत्तरी फिलिपिन्सको इलोकोस क्षेत्र र दक्षिणी फिलिपिन्सको सोक्सस्कार्गेन क्षेत्रबाट रिपोर्ट गरिएको थियो।

राज्य मौसम ब्युरोले गर्मी सूचकाङ्क ४२ डिग्री सेल्सियसभन्दा बढी खतराको स्तरमा पुग्ने चेतावनी दिएपछि मेट्रो मनिलासहित पाँच क्षेत्रका एघार क्षेत्रले बुधबार व्यक्तिगत कक्षाहरू स्थगित गरेका छन्।

ब्युरोले तातो मौसमका कारण दुखाइ, गर्मीको थकान र गर्मीको स्ट्रोक पनि निम्त्याउन सक्ने चेतावनी दिएको छ। यसै महिनाको सुरुमा ब्युरोले फिलिपिन्सभर केही क्षेत्रमा ५१ डिग्री सेल्सियससम्मको तापक्रमको चेतावनी दिएको थियो। यसले आगामी महिनासम्म गर्मी बढ्दै जाने देखाएको छ।

बढ्दो गर्मी मौसमले विद्यालयहरूलाई विद्यार्थी तथा बालबालिकालाई उच्च गर्मीको

# घूस लिएको आरोपमा रूसी उपरक्षामन्त्री पक्राउ

एएफपी

मस्को। रूसका दिवंगत विपक्षी नेता एलेक्सी नाभाल्नीको टोलीले गरेको अनुसन्धानले भ्रष्टाचार गरेको आरोप लगाएको रूसी उपरक्षामन्त्रीलाई बुधबार हिरासतमा लिइएको छ।

उहाँले ठूलो रकम घूस लिएको आरोप नाभाल्नीको टोलीले लगाएको छ।

रक्षामन्त्री सेर्गेइ शोइगुका लामो समयदेखिका सहयोगी तैमुर इभानोभको गिरफ्तारी हालैका वर्षहरूमा रूसमा भएको सबैभन्दा नाटकीय भ्रष्टाचारको घटना हो । युक्रेनमाथिको आक्रमणबीच सेनामा खर्च बढिरहेको बेला यो कदम चालिएको हो।

अठ्चालीस वर्षीय इभानोभले सशस्त्र बलको निर्माण र खरीदको रेखदेख गर्नुभएको थियो र रूसी सेनाले कब्जा गरेको युक्रेनी शहर मारिउपोलको रूसी उच्च ओहोदाको पुनर्निर्माणसँग जोडिएको थियो।


"रूसी महासङ्घका उपरक्षामन्त्रीलाई पुर्पक्षका लागि थुनामा राखिएको छ," मस्को अदालतको सञ्चार सेवाले सामाजिक सञ्जालमा जारी गरेको विज्ञप्तिमा भनिएको छ।

विशेषगरी ठूलो परिमाणमा घूस लिएको अभियोगमा उहाँलाई १५ वर्षको जेल सजाय हुन सक्ने बताइएको छ।

इभानोभका वकिलले सरकारी समाचार संस्था तासलाई बताएअनुसार इभानोभले उक्त आरोप अस्वीकार गर्नुभएको छ।

रूसी केही स्वतन्त्र सञ्चार माध्यमले इभानोभ र उहाँको परिवारले आफूले मन्त्रालयमा सहमति गरेको सम्झौतामा गैर-कानुनी लाभ लिएर अकूत सम्पत्ति आर्जन गरेको आरोप लगाएका छन्।

सन् २०२२ को डिसेम्बरमा नाभाल्नीको टोलीले इभानोभकी श्रीमती स्वेतलाना मनिओविचबाट



चुहेका हजारौं इमेलहरू प्राप्त गरेको बताएको थियो।

उहाँले फ्रान्सको दक्षिणमा लक्जरी कार, गहना, लुगाफाटा, पार्टी, प्रिमियम प्रोपर्टी र याट भाडामा लिएर लाखौं युरो खर्च गरेको बताइएको छ।

तीमध्ये केही रकम रक्षा मन्त्रालयका ठेकेदारलगायत तेस्रो पक्षमार्फत हुने गरेको उनीहरूको आरोप छ। क्रेमलिनले राष्ट्रपति भ्लादिमिर पुटिन शोइगुसँग निरन्तर सम्पर्कमा रहेको तर इभानोभको गिरफ्तारीबारे सोझै टिप्पणी गर्न अस्वीकार गरेको जनाएको छ। प्रवक्ता दिमित्री पेस्कोभले भन्नुभयो, "यस विषयमा अनुसन्धान हुनेछ।"

सैनिक पोशाकमा प्रतिवादीहरूको आरोपबारे जवाफ दिन ४८ वर्षीय इभानोभले बुधबार अदालतमा सिसाको कोठाभित्र उभिनुभएको थियो।

अदालतले भनेको छ, "अनुसन्धानकर्ताहरूले उहाँ रक्षा मन्त्रालयको लागि सम्झौता र सह-सम्झौताको कामको क्रममा सम्पत्ति सेवाको रूपमा विशेष गरी ठूलो मात्रामा घूस लिने 'आपराधिक षडयन्त्र' को हिस्सा भएको विश्वास गरेका छन्।"

न्यायाधीशले उहाँलाई कम्तीमा जुन २३ सम्म पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएका छन्। उहाँलाई मस्कोको कुख्यात लेफोर्टोभो जेलमा राखिने तासले जनाएको छ।

# अस्ट्रेलियाको मुद्रास्फीतिदर ३.६ प्रतिशतमा झर्यो

सिन्ह्वा

क्यानबेरा । अस्ट्रेलियाको वार्षिक मुद्रास्फीति दर तीन दशमलव छ प्रतिशतमा झरेको अस्ट्रेलियन ब्युरो अफ स्ट्याटिस्टिक्स (एबिएस) ले बुधबार सार्वजनिक गरेको आधिकारिक तथ्याङ्कले जनाएको छ।

तथ्याङ्कमा सन् २०२४ को पहिलो तीन महिनामा उपभोक्ता मूल्य सूचकाङ्क (सिपिआई) एक प्रतिशतले र मार्चमा समाप्त हुने १२ महिनाको अवधिमा तीन दशमलव छ प्रतिशतले बढेको तथ्याङ्ले देखाएको छ। यसले सन् २०२३ को अन्त्यसम्म १२ महिनाको अवधिमा सिपिआईमा चार दशमलव एक प्रतिशतको वृद्धिबाट घटेको सङ्केत गर्दछ।

एबिएसले सन् २०२३ को पहिलो त्रैमासिकमा शिक्षा, स्वास्थ्य, आवास, खानालगायतको बढ्दो लागतलाई मुद्रास्फीतिको सबैभन्दा महत्त्वपूर्ण चालकका रूपमा पहिचान गरेको छ । मार्चको अन्त्यमा आवासको मूल्य २०२४ को प्रारम्भको तुलनामा शून्य दशमलव सात प्रतिशत र १२ महिनाअघिको तुलनामा चार दशमलव नौ प्रतिशतले बढी थियो।

एबिएसका मूल्य तथ्याङ्क प्रमुख मिचेल मार्कवार्टले आवासमा त्रैमासिक वृद्धि मुख्यतया भाडाद्वारा सञ्चालित भएको बताउनुभयो।

"राजधानीका सहरहरूमा कम रिक्ति दरहरूको आधारमा त्रैमासिकमा भाडाको मूल्य दुई दशमलव एक प्रतिशतले बढेको छ । हरेक १५ वर्षमा सबैभन्दा तीव्र दरमा भाडा बढ्दै गएको छ", उहाँले भन्नुभयो।

तीन महिनाको अवधिमा शिक्षा खर्च पाँच दशमलव नौ प्रतिशत र स्वास्थ्य खर्च दुई दशमलव आठ प्रतिशतले बढेको छ।

यसै अवधिमा मासु र समुद्री खानाको मूल्य शून्य दशमलव सात प्रतिशतले घटेको छ। यद्यपि गैर-मादक पदार्थ, फलफूल तथा तरकारीको मूल्य भने बढेको छ।



## Invitation for Bids

## Dhanushadham Municipality

### Office of Municipal Executive

### Dhanushadham, Dhanusha

## Invitation for Bids for the construction of Health Post Building In Ward no-8

### Contract Identification No: DM/04/080-081

**Date of publication: 2081-01-13**

1. Dhanushadham Municipality, Office of municipal Executive, Dhanushadham, Dhanusha invites electronic bids from Nepalese eligible bidders for the construction of construction of Health Post Building in Ward no-8 works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information ,visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submit their bid electronically download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**For Purchase of Bid document**

**Name of the Bank:** NIC Asia Bank, Dhanushadham Branch

**Name of Office:** Dhanushadham municipality

**Office Code no.** 801021705

**Office Account no.:** 0312050025358004

**For cash Bank guarantee**

**Name of the Bank:** NIC Asia Bank, Dhanushadham Baranch

**Name of Office:** Dhanushadham municipality

**Office Code no.** 801021705

**Office Account no.:** 0312050025358014

4. Municipality has right to accept or reject fully or partially without any reason.All the procurement process will be according to procuremnt act 2063 and regulation 2064.

| S. N. | Description Of works | Estimated Amount Nrs. | Bid document Fee Nrs. | Bid security Fee Nrs. | Last date of bid Submission | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | construction of Health Post Building in Ward no-8 (DM/04/Works /080-081) | 4010503.68 without vat and contingencies | 3000/- | 112000/- | 2081-02-13 at 12:00 hrs | only E-Bid |



# चीनद्वारा 'सेनझोउ-१८' चालक दल अन्तरिक्ष मिशन कार्यको खुलासा

सिन्ह्वा

जिउक्वान (चीन) । सेनझोउ-१८ का अन्तरिक्ष यात्रीले चीनको अन्तरिक्ष स्टेसनमा आफ्नो छ महिनाको बसाइमा विभिन्न अन्तरिक्ष विज्ञान र अनुप्रयोग परीक्षण तथा प्रयोगका साथै धेरै अन्तरिक्ष पदयात्रा गर्ने चीन मानव अन्तरिक्ष एजेन्सी (सिएमएसए) ले बुधबार पत्रकार सम्मेलनमार्फत घोषणा गरेको छ।

सेनझोउ-१८ चालक दलसहितको अन्तरिक्ष यान चीनको जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्रबाट प्रक्षेपण गर्ने तालिका छ।

चालक दलले सूक्ष्म गुरुत्वाकर्षण, अन्तरिक्ष सामग्री विज्ञान, अन्तरिक्ष जीवन विज्ञान, अन्तरिक्ष चिकित्सा तथा अन्तरिक्ष प्रविधिमा आधारित आधारभूत भौतिक विज्ञानका क्षेत्रमा ९० भन्दा बढी प्रयोग गर्नका लागि वैज्ञानिक प्रयोग क्याबिनेट र 'एक्स्ट्राभेहिकुलर पेलोड' को प्रयोग गर्ने सिएमएसएका उपनिर्देशक लिन सिकियाङले जानकारी दिनुभयो।



एक्स्ट्राभेहिकुलर पेलोड वातावरणीय सुरक्षा, गतिशीलता, जीवन प्रदान गर्ने एक स्वतन्त्र एन्थ्रोपोमोर्फिक स्पेस सूट हो।

मिसन अवधिमा देशको पहिलो इन-अर्बिट जलीय पर्यावरण अनुसन्धान परियोजना कार्यान्वयन गरिनेछ। 'जेब्राफिस' र 'गोल्डफिश' अल्गीको प्रयोग गरेर कक्षामा 'सेल्फ-साइक्लिङ एक्वाटिक इकोसिस्टम' स्थापना गर्ने परियोजनाले अन्तरिक्षमा कशेरुकाको खेतीमा सफलता हासिल गर्ने लक्ष्य राखेको उपनिर्देशक लिनले बताउनुभयो।

उहाँले बिरुवाको स्टेम टिप्समा संसारको पहिलो इन-अर्बिट स्टेम सेल अध्ययन गुरुत्वाकर्षणमा बिरुवाको विकासवादी अनुकूलनको संयन्त्र प्रकट गर्न र अन्तरिक्ष बालीका लागि सैद्धान्तिक समर्थन प्रदानका लागि गरिने बताउनुभयो।

सेनझोउ-१८ अन्तरिक्ष यात्रीले दुईदेखि तीनवटा एक्स्ट्राभेहिकुलर (इभिए) गतिविधि सञ्चालन गर्ने र स्टेसनको कार्गो एयरलक मोड्युलमार्फत छ वटा कार्गो आउटबाउन्ड डेलिभरी कार्यान्वयन गर्नेछन्। एयरलक एउटा स्टेशन मोड्युल हो जसले अन्तरिक्ष स्टेशनमा प्रवेश गर्ने र बाहिर निस्कने स्थानको रूपमा कार्य गर्दछ।

तीनवटा बाह्य गतिविधि सञ्चालन गर्ने समयमा अन्तरिक्ष यात्रीले बाहिरी पाइपिङ, केबल र महत्त्वपूर्ण उपकरणका लागि अन्तरिक्षमा रहेका फोहर सुरक्षा सुदृढीकरण स्थापना गर्ने र अन्तरिक्ष स्टेशनको सुरक्षालाई थप सुरक्षित गर्नका लागि उपयुक्तरूपमा बाह्य निरीक्षण पूरा गर्ने लिनले जानकारी दिनुभयो।

# 'नेपाल र कतारबीच लगानी एवं सहकार्य बिस्तारका लागि 'टिम' निर्माण गर्ने समझदारी'



काठमाण्डु । नेपाल र कतारबीच लगानी एवं सहकार्यका विविध क्षेत्रमा सहजीकरण गर्नका लागि दुवै देशका तर्फबाट ' कार्यसमूहह' गठन गर्ने समझदारी भएको छ । कतारका अमिर शेख तमिम विन हमाद अल थानी र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'बीच बुधबार भएको एक्लाएक्लै र द्विपक्षीय प्रतिनिधिमण्डलस्तरीय भेटवार्तामा सोसमझदारीभएकोप्रधानमन्त्रीका परराष्ट्र मामिलासम्बन्धी सल्लाहकार डा रुपक सापकोटाले राससलाई जानकारी दिनुभयो ।

"लगानी र सहकार्यका क्षेत्रलाई बिस्तार गर्ने विषयमा छलफल गर्नका लागि दुई देशका तर्फबाट बीचमा 'टिम' निर्माण गरेर अगाडि बढ्ने समझदारी बनेको छ", उहाँले भन्नुभयो ।

भेटमा कतार र नेपाल सम्बन्ध एवं सहकार्यका विविध विषयमा कुराकानी भएको थियो । सो क्रममा उहाँहरुबीच सौहार्द, आत्मीय र हार्दिकताका साथ वार्ता भएको थियो । सो अवसरमा नेपालमा विभिन्न क्षेत्रमा लगानी गर्नेसम्बन्धमा व्यापक छलफल भएको परराष्ट्र सल्लाहकार सापकोटाले जानकारी दिनुभयो ।

प्रधानमन्त्री दाहालले अरब राष्ट्रबाट उच्च तहमा पहिलोपटक कतारका अमिरको नेपाल भ्रमण भएको उल्लेख गर्दै यस भ्रमणबाट दुई देशबीचका सम्बन्धमा नयाँ आयाम थपिएको बताउनुभयो । भेटवार्तामा दुवै नेताले यस भ्रमणबाट दुई देशबीचको मित्रवत् र हार्दिक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याएको उल्लेख गर्नुभएको सापकोटाले जानकारी दिनुभयो ।

"भेटवार्तामा दुवै नेताले भ्रमणका क्रममा भएका समझदारीले दुई देशबीचको सम्बन्धमा नयाँ आयाम थपिएको बताउनुभयो", डा सापकोटाले रासससँग भन्नुभयो, "प्रधानमन्त्री दाहालले सिङ्गो नेपाली समुदायमा यस भ्रमणले नयाँ आशा जगाएको छ, आगामी दिनमा कतारसँग श्रमसहित लगानी र सम्बन्धका अन्य आयाममा पनि सहकार्य गर्ने ढोका खुला गरेको भन्नुभयो ।"

भेटका क्रममा प्रधानमन्त्री दाहालले नेपालमा लगानीको उपयुक्त वातावरण रहेको उल्लेख गर्दै नेपालमा कतारको लगानीका लागि आग्रह गर्नुभयो । "लगानीका लागि सम्भावित क्षेत्र पहिचान गरिएका छन्, पूर्वाधार, यातायात, कृषि, जलविद्युत्, शिक्षा क्षेत्रमा दुई देशबीच सहकार्य हुर्नुपर्छ", प्रधानमन्त्री दाहालको भनाइ उद्धृत गर्दै डा सापकोटाले भन्नुभयो ।

नेपालमा लगानीका लागि प्रधानमन्त्री दाहालले राख्नुभएको आग्रहलाई कतारका अमिर अल थानीले सकारात्मक रुपमा लिनुभएको उहाँले जानकारी दिनुभयो । कतारका अमिरले ऊर्जा, यातायात (हवाई सम्पर्क बिस्तार), कृषिलगायत क्षेत्रमा सहकार्य गर्न कतार सकारात्मक रहेको बताउनुभएको थियो । "नेपालमा सम्भाव्य लगानीका लागि कतार सकारात्मक छ, सहकार्यका क्षेत्रलाई बिस्तार गरेर जान सकिन्छ", अमिर अल थानीको भनाइ उदृत गर्दै प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार सापकोटाले भन्नुभयो ।

भेटमा प्रधानमन्त्री दाहालले नेपाल र कतारबीचको श्रम सहकार्यलाई नयाँ ढङ्गबाट अघि बढाउन आग्रह गर्नुभएको थियो । कतारका अमिरले श्रम सहकार्यलाई थप बिस्तार गर्न सकिने उल्लेख गर्नुभयो ।

नेपाली श्रमिकको सीप अभिवृद्धिका लागि सघाउन तथा हवाई सम्पर्कसञ्जाल बिस्तारका लागि कतार तयार भएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा कतार एयरका तर्फबाट उडान गर्न सकिने उहाँको भनाइ थियो ।

प्रधानमन्त्री दाहालले युद्ध र द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि कतारले गर्दै आएको मध्यस्थता भूमिकाको प्रशंसा गर्दै इजरायलमा हमासको आक्रमणमा परी बेपत्ता भएका नेपाली विद्यार्थी विपिन जोशीको सकुशल स्वदेश फिर्तीका लागि अमिरको ध्यानाकर्षण गराउनुभएको थियो ।

प्रतिनिधिमण्डलस्तरमा भएको सो भेटवार्तामा नेपालका तर्फबाट प्रधानमन्त्री दाहाल, उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठ, अर्थमन्त्री वर्षमान पुन, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेत, सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल, परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्साललगायत हुनुहुन्थ्यो ।

कतारका अमिर अल थानीले नेतृत्व गर्नुभएको प्रतिनिधिमण्डलमा कतारका विभिन्न मन्त्रालयका मन्त्री र उच्च अधिकारी सहभागी हुनुहुन्थ्यो ।

भेटवार्तापछि नेपाल र कतारबीच कला संस्कृति, शिक्षा, सञ्चार, युवा तथा खेलकुद, कानुनी सहायता र उद्योग वाणिज्य क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी समझदारी तथा सहमति भएको थियो ।

कतारका अमिर अल थानी र प्रधानमन्त्री दाहालको समुपस्थितिमा कला र संस्कृतिका क्षेत्रमा सहकार्य, नेपाल र कतारका सरकारी समाचार एजेन्सीबीच समाचार आदानप्रदान तथा शिक्षाका क्षेत्रमा सहयोग आदानप्रदानसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

यसैगरी युवा तथा खेलकुद, दुवै देशका महान्यायाधिवक्ता कार्यालयस्तरीय, कूटनीतिक शिक्षा र तालिमसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको परराष्ट्र मन्त्रायले जनाएको छ । सरकारीस्तरमा भएका समझदारी पत्रमा नेपालका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरी र कतारका तर्फबाट विदेशराज्यमन्त्री सुल्तान विन साद अल मुराइखीले हस्ताक्षर गर्नुभएको छ ।

यसैगरी निजी क्षेत्रका तर्फबाट नेपाल उद्योग वाणिज्य महासङ्घ र कतार चेम्बर अफ कमर्शका बीचमा पनि लगानी आदानप्रदानसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो समझदारीपत्रमा नेपालका तर्फबाट महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल र कतार चेम्बरकातर्फबाट शेख खालिफ विन जसिम अल थानीले हस्ताक्षर गर्नुभयो ।

कतारका अमिर अल थानी नेपालको राजकीय भ्रमणका लागि मङ्गलबार नेपाल आउनुभएको थियो ।

राष्ट्रपति रामचन्द्र पौडेल र कतारका अमिर अल थानीबीच सोही दिन द्विपक्षीय भेटवार्ता भएको थियो । सो भेटमा उहाँहरुबीच नेपाल-कतार सम्बन्धका विविध आयाममा छलफल भएको थियो ।

सो अवसरमा राष्ट्रपति पौडेलले जलवायु परिवर्तनबाट पृथ्वीलाई सुरक्षित राख्ने, हिमाललाई जोगाउने, पानीको स्रोत बचाउने र वातावरण सन्तुलन राख्नेजस्तो साझा चासोका मुद्दामा सहकार्यका लागि कतारसँग आग्रह गर्नुभएको थियो । राष्ट्रपतिले इजरायलमा हमासको आक्रमणपश्चात् बेपत्ता भएका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइका लागि पहल गरिदिन कतारका अमिर शेख तमिम विन हमाद अल थानीसँग आग्रह गर्नुभएको थियो । रासस

## कति उपलब्धिमूलक रह्यो कतारका अमिरको नेपाल भ्रमण ?

काठमाण्डु । कतारका अमिर शेख तमिम विन हमाद अल थानीले यही वैशाख ११ र १२ गते नेपालको राजकीय भ्रमण सम्पन्न गर्नुभएको छ ।

मध्यपूर्वको क्षेत्रफलमा सानो तथा प्रभावशाली र धनी देश कतारका अमिरको नेपाल भ्रमणका क्रममा विभिन्न आठ विषयका सम्झौता र समझदारी पत्रमा हस्ताक्षर भएको छ । कतारका अमिर अल थानी र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'बीच बुधबार सोल्टी होटलमा भएको द्विपक्षीय भेटवार्तापछि उहाँहरुको उपस्थितिमा ती सम्झौता र समझदारीमा हस्ताक्षर भएको हो ।

सो अवसरमा नेपाल र कतारबीच कला संस्कृति, शिक्षा, सञ्चार, युवा तथा खेलकुद, कानुनी सहायता र उद्योग वाणिज्य क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । त्यस्तै नेपाल र कतारका सरकारी समाचार एजेन्सीबीच समाचार आदानप्रदान सम्झौता तथा कला र संस्कृतिका क्षेत्रमा सहकार्य, शिक्षाका क्षेत्रमा सहयोग आदानप्रदानसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

यसैगरी युवा तथा खेलकुद, दुवै देशका महान्यायाधिवक्ता कार्यालयस्तरीय, कूटनीतिक तालिम र शिक्षासम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । सरकारीस्तरमा भएका समझदारी पत्रमा नेपालका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरी र कतारका तर्फबाट विदेश राज्यमन्त्री सुल्तान विन साद अल मुराइखीले हस्ताक्षर गर्नुभएको थियो ।

यसैगरी निजी क्षेत्रका तर्फबाट नेपाल उद्योग वाणिज्य महासङ्घ र कतार चेम्बर अफ कमर्शका बीचमा पनि लगानी आदानप्रदानसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ ।रासस

# विद्युत् खपत बढाउने सन्देशसहित 'हिमालयन हाइड्रो एक्स्पो-२०२४' सुरु



**काठमाण्डु** । काठमाण्डु-विद्युतीय सवारी (इभी) ऱ्यालीसँगै हिमालयन हाइड्रो एक्स्पो २०२४ सुरु भएको छ । विद्युत् खपत बढाउने सन्देशसहित स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)को आयोजनामा हिमालयन हाइड्रो एक्स्पो सुरु भएको हो ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले ऱ्यालीको उद्घाटन गर्नुभयो । बुधबार बिहान इभी ऱ्याली आयोजना गरी विद्युतीय सवारी प्रवर्द्धन र विद्युत खपत बढाउने सन्देशसहित चौथो संस्करणको एक्स्पोको सुरुआत गरिएको इप्पानका अध्यक्ष गणेश कार्कीले जानकारी दिनुभयो ।

ऱ्याली उद्घाटन कार्यक्रममा बोल्दै ऊर्जा मन्त्री बस्नेतले इप्पानले लगानी सम्मेलनको पूर्व सन्ध्यामा आयोजना गरेको हिमालयन हाइड्रो एक्स्पोले लगानी सम्मेलनलाई सार्थक बनाउने विश्वास व्यक्त गर्नुभयो ।

"हाइड्रो एक्स्पो अघि सुरु भएको यो ऱ्यालीले स्वदेशी विद्युत खपत बढाउन र विद्युतीय सवारी प्रवर्द्धनमा सहयोगी सावित हुनेछ", उहाँले भन्नुभयो, "हाइड्रो एक्स्पो नेपालको विद्यत् क्षेत्रमा लगानीको वातावरण बनाउन सहयोगी सावित हुनेछ ।"

इप्पान अध्यक्ष गणेश कार्कीले 'हाम्रो बिजुली, हामी आफैँ खपत गरौँ' भन्ने उद्देश्यले इभी ऱ्याली आयोजना गरिएको बताउनुभयो । सरकारले सन् २०३५ सम्ममा १३ हजार मेगावाट विद्युत् खपत गर्ने लक्ष्य लिएको छ । त्यसका लागिसमेत विद्युतीय सवारी ऱ्यालीले थप प्रवर्द्धन हुने उहाँको आशा छ ।

"सरकारले सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट उत्पादन र १३ हजार मेगावाट स्वदेशमै खपत गर्ने लक्ष्य लिएको छ, यसलाई सार्थक बनाउन पनि इभी ऱ्यालीले सहयोग गर्छ", उहाँले भन्नुभयो, "विद्युतीय सवारीले स्वदेशी विद्युत् खपत बढाउन सहयोगी हुनुका साथै पर्यावरणका लागि उपयुक्त हुन्छ ।" इभी ऱ्याली कमलादीको स्काई वाक टावरबाट सुरु भइ सिंहदरबार, बानेश्वर, सातदोबाटो, एकान्तकुना, पुल्चोक, त्रिपुरेश्वर, नारायणहिटी, हुँदै भृकुटी मण्डपमा पुगेर टुङ्गिएको थियो । ऱ्यालीमा तीन सयभन्दा बढी विद्युतीय सवारी सहभागी थिए ।

एक्स्पोको पहिलो दिन तीन वटा प्राविधिक सत्र राखिएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले भोलि बिहीबार एक्स्पोको औपचारिक उद्घाटन गर्नुहुनेछ । रासस


## मधेश प्रदेश सरकार
## भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कृषि विकास निर्देशनालय
## कृषि ज्ञान केन्द्र
## गौर, रौतहट

### कार्यक्रम संचालन गर्न प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०१/१२

यस कृषि ज्ञान केन्द्रको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु स्वीकृत निर्देशिका बमोजिम अनुदानमा संचालन गर्नु पर्ने भएकोले ईच्छुक सेवाग्राहीहरुले आवश्यक कागजात सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र (२०८१/०१/२६ गते सम्म) यस केन्द्रमा प्रस्तावना पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. नं. | कार्यक्रमको नाम | बाली/ विवरण | अधिकतम अनुदान (प्रतिशत) | लक्षित सेवाग्राही |
|---|---|---|---|---|
| १ | उन्नत बीउ उत्पादनका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग | | कार्यविधि/नर्मश अनुसार | कृषक समुह / कृषि सहकारी / संस्था / कृषि फर्म / बीउ व्यवसायीक / कम्पनी |

**पेश गर्नुपर्ने आवश्यक कागजातहरू**

१. कार्यालयले तोकेको ढाँचामा रु. १० को हुलाक टिकट सहित आयोजनाको औचित्य र आवश्यकता सम्बन्धि अवधारण पत्र ।
२. बीउ व्यवसायी/कम्पनी/समूह/सहकारी/वीउ विजन विक्रेता प्रमाण पत्र/फर्म संस्था दर्ता प्रमाण पत्र/करचुक्ता प्रमाण र स्थायी लेखा नम्बरको प्रतिलिपी ।
३. सहकारी/समुहको हकमा कार्यक्रम मांग सम्बन्धी निर्णयको प्रतिलिपी ।
४. जिम्मेवारी दिई खटाईएको व्यक्ति वा पदाधिकारीको अख्तियारी पत्र तथा अध्यक्षको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
५. सम्बन्धित कृषि शाखा वा स्थानीय तहको सिफारिस ।
६. बीउ विजन सम्बन्धि कार्य गर्न/व्यवसाय संचालन अनुमती प्रमाण पत्र तथा सम्बन्धित निकायले तोकेको शर्तहरु पूरा गरेको आवश्यक कागजातहरु ।
७. कार्यक्रम संचालन हुने स्थानको जग्गाको धनी प्रमाणपत्रको प्रतिलिपी ।

**नोट** : उन्नत प्रविधि अवलम्बन गरेको, व्यवसायिक खेति गर्ने संस्थालाई प्राथमिकता दिईनेछ । रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गराईने छैन । विस्तृत जानकारीका लागि कृषि ज्ञान केन्द्र रौतहटमा सम्पर्क गर्नुहोला तथा यस कार्यालयको वेवसाईट akcrautahat.p2.gov.np भिजिट गर्न सकिन्छ ।

**कार्यालय प्रमुख**



## आरोग्य भवन वर्क्स प्रा.लि.
**टोखा-७, काठमाण्डौं, बागमती प्रदेश, नेपाल**

### दररेट प्रकाशित गरेको बारे

उपरोक्त सम्बन्धमा यस उद्योगद्वारा उत्पादित तपशिल बमोजिमका आयुर्वेद औषधिहरुको खुद्रामूल्य सरकारी संस्था, गैर सरकारी संस्था, थोक विक्रेता, खुद्राविक्रेता तथा उपभोक्ता लगायत सम्बन्धित सबैका जानकारीको लागि मिति २०८१/०१/०१ देखि लागु हुने गरि दररेट प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

| क्र. सं. | औषधिहरु | प्याक साइज | थोक मुल्य | खुद्रा मुल्य |
|---|---|---|---|---|
| १ | आमलकी चुर्ण | १०० ग्राम | १५२।०० | १८५।०० |
| | | ५०० ग्राम | ६९७।०० | ८५०।०० |
| | | ५० ग्राम | ८२।०० | १००।०० |
| २ | शुद्ध सिलाजित | २० ग्राम | २९१।०० | ३५०।०० |
| | | ५० ग्राम | ६२७।०० | ७५५।०० |
| ३ | अश्वगन्धा | १०० ग्राम | २८७।०० | ३५०।०० |
| | | २५० ग्राम | ७१४।०० | ८५०।०० |
| | | ५०० ग्राम | १३५३।०० | १६५०।०० |
| | | ५० ग्राम | १४८।०० | १८०।०० |
| ४ | अविपत्तिकर चुर्ण (चिनी रहित) | १०० ग्राम | २५५।०० | ३१०।०० |
| ५ | अविपत्तिकर चुर्ण | १०० ग्राम | १७७।०० | २१५।०० |
| | | ५०० ग्राम | ७८०।०० | ९५०।०० |
| | | ५० ग्राम | १०३।०० | १२५।०० |
| ६ | बालामृत | ११० मि.लि. | ११२।०० | १३५।०० |
| ७ | विल्वादी चुर्ण | १०० ग्राम | २०५।०० | २५०।०० |
| | | ५०० ग्राम | ९४३।०० | ११५०।०० |
| | | ५० ग्राम | १०७।०० | १३०।०० |
| ८ | चन्दनादी चुर्ण | १०० ग्राम | २१७।३० | २६५।०० |
| | | ५० ग्राम | १२३।०० | १५०।०० |
| ९ | चन्द्रप्रभा वटी | २५ ग्राम | १७७।०० | २१५।०० |
| | | १०० ग्राम | ६९७।०० | ८५०।०० |
| १० | दशमुल चुर्ण | १०० ग्राम | १८१।०० | २२०।०० |
| | | ५० ग्राम | १०३।०० | १२५।०० |
| | | ५०० ग्राम | ८८६।०० | १,०८०।०० |
| ११ | दशमुल तेल | ५० मि.लि. | १६४।०० | २००।०० |
| १२ | गन्धक रसायन | १०० ग्राम | १०२५।०० | १२५०।०० |
| | | १० ग्राम | ११०।७० | १३५।०० |
| १३ | गुडुची चुर्ण | १०० ग्राम | १७६।३० | २१५।०० |
| १४ | हिङ्वाष्टक चुर्ण | ५०० ग्राम | ११३९।८० | १३९०।०० |
| | | ५० ग्राम | १३५।३० | १६५।०० |
| | | १०० ग्राम | २३७।८० | २९०।०० |
| १५ | जात्यादि तेल | ६० मि.लि. | १७६।३० | २१५।०० |
| १६ | कैशोर गुग्गुल | १०० ग्राम | ६९७।०० | ८५०।०० |
| | | २५ ग्राम | १८८।६० | २३०।०० |
| १७ | कञ्चनार गुग्गुल | २५ ग्राम | १५५।८० | १९०।०० |
| | | १०० ग्राम | ६१५।०० | ७५०।०० |
| १८ | खादिरादि वटी | १०० ग्राम | ८४८।७० | १,०३५।०० |
| | | १० ग्राम | ९४।३० | ११५।०० |
| १९ | लवण भाष्कर चुर्ण | १०० ग्राम | १५९।९० | १९५।०० |
| | | ५०० ग्राम | ७७९।०० | ९५०।०० |
| २० | महानारायण तेल | १०० मि.लि. | २७४।७० | ३३५।०० |
| | | ३० मि.लि. | ८६।१० | १०५।०० |
| | | ६० मि.लि. | १७६।३० | २१५।०० |
| २१ | महाशङ्ख वटी | १०० ग्राम | ९२२।५० | ११२५।०० |
| | | २५ ग्राम | २४१।९० | २९५।०० |
| २२ | महासुदर्शन चुर्ण | ५०० ग्राम | १०६६।०० | १३००।०० |
| | | ५० ग्राम | ११०।७० | १३५।०० |
| २३ | महायोगराज गुग्गुल | १० ग्राम | २२५।५० | २७५।०० |
| | | ५० ग्राम | ११०७।०० | १३५०।०० |
| | | १०० ग्राम | १८९४।२० | २३१०।०० |
| २४ | मृगमदासव | १५ मि.लि. | ८२।०० | १००।०० |
| | | ३० मि.लि. | १४७।४० | १८०।०० |
| | | ६० मि.लि. | २७४।७० | ३३५।०० |
| | | ११० मि.लि. | ४७१।५० | ५७५।०० |
| २५ | निम्वादी चुर्ण | १०० ग्राम | २२५।५० | २७५।०० |
| | | ५०० ग्राम | ११०७।०० | १३५०।०० |
| | | ५० ग्राम | १२३।०० | १५०।०० |
| २६ | पञ्चसकार चुर्ण | १०० ग्राम | १५१।७० | १८५।०० |
| | | ५०० ग्राम | ६९७।०० | ८५०।०० |
| २७ | प'ष्यान'ग च'र्ण | ५०० ग्राम | १०३७।३० | १२६५।०० |
| | | १०० ग्राम | २२५।५० | २७५।०० |
| २८ | रोहितक्यादी चुर्ण | १०० ग्राम | २१७।३० | २६५।०० |
| | | ५०० ग्राम | १०६६।०० | १३००।०० |
| २९ | सर्पगन्धा वटी | २५ ग्राम | १८८।६० | २३०।०० |
| | | १०० ग्राम | ७३८।०० | ९००।०० |
| ३० | सतावरी ग्यानुयल्स | १०० ग्राम | २१७।३० | २६५।०० |
| ३१ | षडविन्दु तेल | १५ मि.लि. | ७७।९० | ९५।०० |
| ३२ | सितोपलादी चुर्ण | ५०० ग्राम | ८६१।०० | १०५०।०० |
| | | ५० ग्राम | १०२।५० | १२५।०० |
| | | १०० ग्राम | १८४।५० | २२५।०० |
| ३३ | टङ्कण भष्म | १०० ग्राम | ८२०।०० | १०००।०० |
| | | १० ग्राम | ९४।३० | ११५।०० |
| ३४ | त्रिकटु चुर्ण | ५० ग्राम | १३७।७६ | १६८।०० |
| | | १०० ग्राम | २५५।८४ | ३१२।०० |
| ३५ | त्रिफला चुर्ण | १०० ग्राम | १०२।५० | १२५।०० |
| | | १०० ग्राम | ४८३।८० | ५९०।०० |
| | | ५० ग्राम | ६१।५० | ७५।०० |
| ३६ | यष्ठीमधु चुर्ण | ५० ग्राम | १०६।६० | १३०।०० |
| | | १०० ग्राम | १७६।३० | २१५।०० |
| ३७ | योगराज गुग्गुल | १०० ग्राम | ६९७।०० | ८५०।०० |
| | | २५ ग्राम | १८८।६० | २३०।०० |
| ३८ | जामुन चुर्ण | १०० ग्राम | १८८।६० | २३०।०० |
| | | ५०० ग्राम | ८९३।८० | १,०९०।०० |
| ३९ | अर्जुन चुर्ण | १०० ग्राम | १५९।९० | १९५।०० |
| ४० | ज्वानो चुर्ण | १०० ग्राम | २०५।०० | २५०।०० |
| ४१ | बातारी तेल | १००० मि.लि. | ९८४।०० | १,२००।०० |
| | | १०० मि.लि. | १२३।०० | १५०।०० |
| ४२ | लक्ष्मीविलास रस | ५ ग्राम | ९०।२० | ११०।०० |
| | | १०० ग्राम | १६८१।०० | २०५०।०० |
| ४३ | जिरो कफ सिरप | १०० मि.लि. | १०४।९६ | १२८।०० |
| ४४ | गुडुची चिया | १०० ग्राम | १०६।६० | १३०।०० |
| ४५ | डाइबोनिल पाउडर | १०० ग्राम | ३२३।९० | ३९५।०० |
| ४६ | डाइबोनिल पाउडर | ३०० ग्राम | ८९७।९० | १०९५।०० |
| ४७ | मेगाल्याक्स | १०० ग्राम | १४३।५० | १७५।०० |
| ४८ | मुसुली चुर्ण | १०० ग्राम | ६२७।३० | ७६५।०० |

# करोडभन्दा बढी राजस्व संकलन



टुडे समाचारदाता

रौतहट । ट्राफिक प्रहरीले चालु आर्थिक वर्षमा नियम विपरीत चलेका झन्डै १७ हजार सवारी साधनलाई कारबाहीको दायरामा ल्याएर डेढ करोड रुपैयाँ भन्दा बढी राजस्व संकलन गरेको छ।

अघिल्लो आर्थिक वर्षको तुलनामा जिल्लामा सवारी दुर्घटनासँगै मृत्यु हुनेको संख्यामा कमी आएको ट्राफिक प्रहरी रौतहटले जनाएको छ। गत साउन देखि यही बैशाख १० गतेसम्म नियम विपरीत चलेका १६ हजार ९९१ सवारी साधनलाई गरिएको कारबाहीबाट कुल १ करोड ५६ लाख रुपैयाँ,६३ हजार रुपैयाँ राजस्व संकलन गरिएको जिल्ला ट्राफिक प्रमुख इन्स्पेक्टर सुशील आचार्यले बताए। सोही अवधिमा जिल्लाको विभिन्न स्थानमा भएको ४९६ सवारी दुर्घटनामा परेर महिला, पुरुष, बालबालिका गरी ४१ जनाको मृत्यु हुनुका साथै ७८५ जना घाइते भएको निरीक्षक आचार्यले जानकारी दिए।

अघिल्लो आर्थिक वर्षको तुलनामा सवारी दुर्घटना र मृतकको संख्यामा समेत कमी आएको छ। अघिल्लो आर्थिक वर्षमा रौतहटमा १ वर्षको अवधिमा भएको ६४५ सवारी दुर्घटनामा परेर ५० जनाको ज्यान गएको उनले बताए।

गत आर्थिक वर्षमा दुर्घटना न्यूनीकरणका गर्न जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले जिल्लाको विभिन्न स्थानमा गरेको १३ सय ४७ चेतनामूलक कार्यक्रममा ५४ हजार ६३१ जना मानिस सहभागी भएको प्रहरीको तथ्यांकमा जनाइएको छ।

जिल्लामा बढ्दो सवारी साधनको चापलाई मध्यनजर गर्दै गौर, चन्द्रपुर, गरुडालगायत ग्रामीण भेगका बजारहरूमा समेत ट्राफिक बिटहरू सञ्चालन गरिएको छ।

# अझै पनि बालबालिकाहरु विद्यालयबाट बाहिरै

टुडे समाचारदाता

मलंगवा । मधेश प्रदेशशका केही जिल्लामा अझैसम्म पनि बालबालिकाहरु विद्यालयबाट बाहिरै रहेका छन्।

सर्लाहीमा आठ हजार भन्दा बढी बालबालिका विद्यालय बाहिर रहेको एक तथ्यांकबाट देखिएको छ।

शिक्षा विकास तथा समन्वय इकाइ मलंगवाको तथ्यांकले जनाए अनुसार जिल्लाभर आठ हजार २७७ जना बालबालिका विद्यालय बाहिर रहेका छन्।

विद्यार्थी भर्ना अभियान जारी रहँदा ती बालबालिकालाई विद्यालयमा भर्ना गराउन २० वटै पालिकाका विद्यालयले घरदैलो अभियानसमेत सञ्चालन गरिरहेको छ।

विद्यालय भर्ना हुने उमेर पुगिसकेका पाँच वर्षदेखि १२ वर्षसम्मका आठ हजार २७७ जना बालबालिका विद्यालय बाहिर रहेको भन्दै शिक्षा विकास तथा समन्वय इकाइ मलंगवाका प्राविधिक सहायक सुनिलकुमार कुशवाहाले उनीहरुलाई विद्यालयमा ल्याउनुपर्ने बताए। विद्यालयले सञ्चालन गरेको भर्ना अभियानबाट इँटा



भट्टा, मोटरसाइकल ग्यारेज, यातायातका साधन, होटललगायतमा बाध्यतावश काम गरिरहेकाहरु रहेका छन्।

विद्यालय बाहिर रहेका बालबालिकामध्ये चार हजार ४८० जना बालक र तीन हजार ७९७ जना बालिका रहेका छन्। सबैभन्दा धेरै मुसहर समुदायका बालबालिका रहेको सो तथ्यांकले जनाएको छ।

सबैभन्दा धेरै बरहथवा नगरपालिकामा बालबालिका विद्यालय बाहिर रहेको छ।

सबैभन्दा कम जिल्लामै सानो पालिकाको रुपमा छ वटा वडा मात्रै रहेको पर्सा गाउँपालिकामा १२७ जना बालक र ११५ जना बालिका विद्यालय बाहिर रहेको तथ्यांकमा रहेको छ। ४४२ वटा सामुदायिक विद्यालय रहेको सर्लाहीमा शैक्षिक सत्र २०८० को तथ्यांक अनुसार बालविकासदेखि कक्षा १२ सम्म एक लाख एक हजार ४३३ जना छात्रा र ९० हजार २६७ जना छात्र विद्यालयमा भर्ना भएको जनाइएको छ।

# उद्योगमा महिला उद्यमीको स्वामित्वमा वृद्धि

टुडे समाचारदाता

वीरगञ्ज । सरकारले महिला उद्यमीको स्वामित्वमा नयाँ घरेलु तथा साना उद्योग दर्ता गरे ३५ प्रतिशत छुट दिने प्रावधानको व्यवस्था गरेपछि महिलाको नाममा उद्योगहरु खुल्ने क्रम बढेको छ।




घरेलु तथा साना उद्योग कार्यालयले जनाए अनुसार पछिल्ला वर्षमा महिला उद्यमी सञ्चालक भएर नयाँ उद्योग स्थापना गर्ने क्रममा वृद्धि हुँदै गएको छ।

साउनदेखि चैत मसान्तको अवधिमा जिल्लामा सात सय ३९ नयाँ घरेलु तथा साना उद्योग दर्ता भएका जनाइएको छ। नयाँ दर्ता भएका उद्योगमध्ये महिला उद्यमी सञ्चालक भएको संख्या भने तीन सय २९ रहेको छ। त्यस्तै पुरुष उद्यमी सञ्चालक रहेको उद्योगको संख्या भने चार सय ४७ रहेको छ।

घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख धञ्जयकुमार सिंहले बताए अनुसार तराई-मधेशमा महिला उद्यमी सञ्चालक भएर नयाँ घरेलु तथा साना उद्योग दर्ता गराउने क्रम बढेको छ।

सरकारले दलित/महिला र पुरुषका नाममा दर्ता हुने घरेलु तथा साना उद्योगलाई पनि ३५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ। अझैसम्म पनि पुरुषकै स्वामित्वका उद्योगको संख्या धेरै छ। चालु आर्थिक वर्षमा दर्ता भएका नयाँ उद्योगले तीन हजार दुई सय ५४ जनालाई रोजगारी सिर्जना गर्ने अनुमान गरिएको उनलेस बताए। त्यसमध्ये एक हजार नौ सय चार पुरुष र एक हजार तीन सय ५० महिलालाई रोजगारी दिने क्षमता रहेको उनले बताए।

चालु आर्थिक वर्षको नौ महिनाको अवधिमा नयाँ साना तथा घरेलु उद्योग दर्ता भएर ५९ लाख ८२ हजार चार सय रुपैयाँ राजस्व आम्दानी गरेको छ। आर्थिक वर्ष २०७९/०८० मा एक हजार ८९ नयाँ उद्योग दर्ता भएका थिए। गत वर्ष दर्ता भएका उद्योगमा महिला उद्यमीको स्वामित्व भएको संख्या चार सय ५० र पुरुष उद्यमीको स्वामित्व भएका भने छ सय ५४ रहेको जनाइएको छ।

गत आर्थिक वर्षमा दर्ता भएका नयाँ घरेलु तथा साना उद्योगले पाँच हजार चार सय ६० जनालाई रोजगारी सिर्जना गर्ने उनले बताए। त्यसमध्ये तीन हजार दुई सय ४७ पुरुष र एक हजार दुई सय १३ महिलालाई रोजगारी दिनसक्ने क्षमता रहेको छ। गत आवमा नयाँ दर्ता भएका साना तथा घरेलु उद्योगबाट एक करोड छ लाख ३९ हजार दुई सय ५० रुपैयाँ राजस्व संकलन गरेको उनले बताए।

# डिजे बजाउने पक्राउ



टुडे समाचारदाता

बारा । बारामा चर्को आवाजमा डिजे बजाएको आरोपमा दुईजनालाई प्रहरीले पक्राउ गरेको छ।

बाराको कलैया स्थित गएराति चर्को आवाजमा डिजे बजाउने दुई जनालाई साउण्ड सिस्टमसहित प्रहरीले नियन्त्रणमा लिएको बारा प्रहरीले जनाएको छ।

कलैया उप-महानगरपालिका कलैया बजार एरियामा ध्वनि प्रदूषण हुनेगरी चर्को आवाजमा डिजे बजाउँदै रहेको अवस्थामा गए राति ९ बजे बजरंग डिजे बडकी फुलबरीयाका दुई जनालाई नियन्त्रणमा लिएको छ।

पक्राउ पर्नेमा जिल्लाको जितपुर सिमरा उप-महानगरपालिका १० का २५ वर्षीय नागिन्द्र राय भट्ट र देवताल गाउँपालिका १ का ५० वर्षीय जयराम सिंह रहेका बारा प्रहरी प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताए।

चर्को आवाजमा डीजे बजाउँदा मानव स्वास्थ्य माथि नकारात्मक प्रभाव पर्ने भएकाले बारा प्रहरीले पटक पटक त्यस्तो नगर्न गरेको सूचनाको बेवास्ता गर्दा उनीहरूलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याएको उनले बताए।

# होटेलमा शव फेला

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधामस्थित एक होटेलमा एक जोडी पासो लगाएर मृत्यु भएको केही समय नबित्दै पुनः एकजना झुन्डिएको अवस्थामा मृत फेला परेको छ।



जनकपुरधामस्थित पीडारी चोकमा रहेको नमुना होटेल एण्ड गेष्टहाउसमा धनुषाको गणेशमान चारनाथ नगरपालिका- ३ का २५ वर्षीय अमित कुसियैत यादव मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

धनुषाका प्रहरी प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जनाए अनुसार मंगलबार साँझमा कोठा नं. २०४ बुक गरेर बसेका यादव राति ११ बजे झुन्डिएको अवस्थामा फेला परेको छ।

उनी बसिरहेको कोठाको ढोका खुल्लै अवस्थामा देखेपछि सो घटनाको विषयमा थप अनुसन्धान भइरहेको उनले बताए।

यस अघि मंगलबार दिउँसो होटल होली डे एण्ड गेष्टहाउसमा एक महिला र एक पुरुष झुन्डिएको अवस्थामा मृत फेला परेको थियो भने राति कुसियैतको मृत्यु भएको छ।

# अपहरित मगरको उद्धार

टुडे समाचारदाता

राजविराज। सप्तरीको सुरुंगा नगरपालिकाको कडरबोनाबाट अपहरणमा परेका उदयपुरका एक जनालाई प्रहरीले सकुशल उद्धार गरेको छ। धनुषाको मिथिला नगरपालिका- ६ बाट अपहरणमा परेका उदयपुरको कटारी नगरपालिका- १० का लालबहादुर थापा मगरलाई सप्तरी प्रहरीले मंगलबार साँझ उद्धार गरेको थियो। उनी सोही दिन अपहरणमा परेका थिए।



अपहरितको परिवारजनले धनुषा प्रहरीलाई खबर गरे लगत्तै खोजतलास गर्ने क्रममा मगरलाई सप्तरी प्रहरीले मंगलबार साँझ ५ बजेको समयमा उद्धार गर्न सफल भएको सप्तरी प्रहरीका प्रहरी उपरीक्षक गजुसिध्दी बज्राचार्यले बताए। उनले मगरलाई एक समूहले चार पांग्रे गाडीमा राखेर सप्तरीतर्फ ल्याएको जानकारी पाउनसाथ खोजतलास गर्ने क्रममा कडरबोनाबाट गाडीलाई रोकेर अपहरणकारीसहितलाई नियन्त्रणमा लिएको बताए।

उनका अनुसार गाडीसहित अपहरणमा संलग्न ५ जना पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा सप्तरीको सप्तकोशी नगरपालिका- १ का जयकुमार तामाङ, सोही स्थानका मनिश विश्वकर्मा, उमेश विश्वकर्मा तथा सिराहाको गोलबजार नगरपालिका ६ का शंकर लामा र वडा- २ का अरुण कुमार लामा रहेको उनले बताए।

घटनामा संलग्न उनीहरूसहित मगरलाई मंगलबार नै धनुषा प्रहरीको जिम्मा लगाइएको प्रहरी उपरीक्षक बज्राचार्यले बताए। वैदेशिक रोजगारी सम्बन्धी लेनदेनको विवाद पछि मगरलाई अपहरण गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको उनले बताए।

# गाँजा बरामद




टुडे समाचारदाता

मलंगवा। सर्लाहीमा सशस्त्र प्रहरीले लागूऔषध गाँजा बरामद गरेको छ।

जिल्लाको लालबन्दी नगरपालिका- १७ स्थित फुलजोर खोला नजिकबाट सशस्त्र प्रहरी बल हरिवन सुरक्षा बेस क्याम्पको टोलीले १० किलो गाँजा बरामद गरेको सशस्त्र प्रहरी नायब उपरीक्षक आनन्द खनालले जानकारी दिए।

गाँजा ओसारपसार भइरहेको भन्ने विशेष सूचनाका आधारमा प्रहरी नायब उपरीक्षक खनालको अगुवाईमा सशस्त्र प्रहरीको टोली सो क्षेत्रमा गस्तीमा निस्केको थियो।

एक मोटरसाइकलमा २ जना व्यक्तिहरु रञ्जितपुर हुँदै टिकुलिया तर्फ आउँदै गरेको अवस्थामा गस्ती टोलीलाई देख्नासाथ भागेको र पिछा गर्ने क्रममा मकैबरीमा २ वटा पोका फालेर उनीहरु फरार भएको उनले बताए।

बरामद गरिएको रातो प्लाष्टिक र टेपले बेरिएको ५/५ किलोग्रामको २ वटा पोकामा रहेको गाँजा आवश्यक अनुसन्धान तथा कारबाहीको लागि इलाका प्रहरी कार्यालय लालबन्दीमा रहेको छ।

# व्यापारीहरु त्रसित

टुडे समाचारदाता

वीरगञ्ज । राजस्व चुहावटमा कडाइ गरिए पछि व्यापारीहरुको संस्था वीरगञ्ज उद्योग वाणिज्य संघका पदाधिकारीहरुले विरोध गरेको छ।

राजस्व अनुसन्धान कार्यालय पथलैया र प्रहरी प्रशासनले छापामारीलाई तीव्रता दिएपछि व्यापारीहरु लाई त्रसित बनेका छन्। जिल्ला प्रहरी कार्यालय पर्साको प्रमुखमा कुमोध ढुंगेल आएपछि तस्करीलगायत राजस्व चुहावटका सम्पूर्ण गतिविधिमा कडाइ गरेपछि व्यापारीहरु मर्कामा परेको गुनासो गरेका छन्।

नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्तरुपमा एक महिने छापामारी अभियान संचालन गरी कारबाही प्रक्रिया अघि बढाए पछि आफुहरु त्रसित बनेको गुनासो उद्योग वाणिज्य संघका पदाधिकारीहरु गर्न थालेका छन्। प्रहरीको वर्तमान रवैया प्रति वीरगञ्जका व्यवसायीहरूको छाता संगठन वीरगञ्ज उद्योग वाणिज्य संघले आपत्ति प्रकट गरेको छ।

आर्थिक नगरी वीरगञ्ज आर्थिक संकटबाट गुज्रिरहेको समयमा व्यापारको अवस्था गर वा मर रहको व्यापारी नेताहरुको तर्क छ।

स्थानीय प्रहरी प्रशासनलगायत सरोकारवाला निकायको गैरकानुनी रुपमा छापामारी गरेर त्रसित बनाउने काम गरेको आरोप वीरगञ्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष माधव राजपालले लगाए।

# अग्निपीडितलाई राहत

टुडे समाचारदाता

राजविराज । जिल्ला विपद् व्यवस्थापन समिति सप्तरीले अग्निपीडितलाई नगद राहत वितरण गरेको छ।

जिल्लाको कञ्चनरुप नगरपालिका-५ स्थित परेमाराका सरदार बस्तीका अग्निपीडितलाई नगद राहत वितरण गरिएको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी किरण थापाले जानकारी दिए। आगलागी १६ पीडित परिवारलाई प्रति परिवार १५ हजार रुपैयाँदेखि २० हजार रुपैयाँसम्मका दरले नगद प्रदान गरिएको उनले बताए।

गत आइतबार दिउँसो ३ बजे लालमोहन सरदारको गोठमा बालेको चुलोको आगोबाट सल्केर आगलागी हुँदा १२ जनाको २४ घर



टहरा जलेर नष्ट भएको थियो। आगलागीका कारण पशुपालनसहित गरी कुल २४ लाख २५ हजार रुपैयाँ बराबरको धनसम्पत्ति जलेर नष्ट भएको उनले बताए।

## मुखको स्वस्थ्यमा ध्यान दिऔं

दाँत र मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदा :

- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादारखाना,फलफूलरहरियोसागसब्जीसेवनगरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खानाखाईसकेपछिराम्रोसंगब्रसवाकुल्लागर्नेगरौं,
- डेन्टल फ्लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८